Soaltee Hotel Limited

★ ★ ★ ★ ★

# ४७औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट)

## (Minutes)




## आर्थिक वर्ष २०७७/७८

## २०७८ मंसिर २८ गते

## (१४ डिसम्बर २०२१)

## ताहाचल, काठमाण्डौं, नेपाल ।

Soaltee Hotel Limited

मिति: २०७८ पौष २०
(४ जनवरी २०२२)

सोल्टी होटल लिमिटेड काठमाडौं

**श्री आदरणीय शेयरधनी महानुभाव,**

सोल्टी होटल लिमिटेडको मिति २०७८ **साल मंसिर** २८ गते तद्नुसार १४ डिसम्बर २०२१, बुधबारका दिन विहान ११ बजे, **कम्पनीको रजिष्टर्ड कार्यालय, ताहाचल, काठमाडौं, नेपालमा** विधिवत सम्पन्न भएको कम्पनीको **४७औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण ( माइन्यूट, Minutes)** **कम्पनी ऐन, २०६३ को दफा ७५ को उपदफा** (३) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको निम्ति **नेपाली राष्ट्रिय दैनिक आर्थिक अभियानमा प्रकाशित** समेत गरिएको जानकारी सहित सो को एक प्रति यसै साथ संलग्न गरी पठाएको व्यहोरा अनुरोध छ ।

सःधन्यवाद ।

भवदीय,

लिल बहादुर खत्री
कम्पनी सचिव

**संलग्न कागजातहरु :–**

१ **४७औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट, Minutes)**

# सोल्टी होटल लिमिटेड
## ४७औं वार्षिक साधारण सभाको
## काम कारबाहीको विवरण
## (माइन्यूट)

१. **वैधानिक सभा**

कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम यस कम्पनीको ४७औं वार्षिक साधारण सभा कम्पनीका **कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यू**को सभापतित्वमा भौतिक तथा अभौतिक भर्चुवल भिडियो कन्फ्रेरेन्स (Virtual Video Conference Medium) माध्यमबाट निम्न मिति, स्थान, र समयमा वसी देहायका विषयहरु उपर छलफल भई देहाय वमोजिमको निर्णय भयो ।

२. **सभाको मिति, स्थान र समय**

**मितिः २०७८ साल मंसिर २८ गते तद्नुसार १४ डिसम्बर २०२१, मंगलबारका दिन ।**

**स्थानः कम्पनीको रजिष्टर्ड कार्यालय, ताहाचल, काठमाडौं ।**

**समयः बिहान ११ बजे ।**

३. **सभाको सूचना**

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) को व्यवस्था बमोजिम कम्पनीको ४७औं वार्षिक साधारण सभाको लागि शेयर दाखिल खारेज दर्ता किताब बन्द रहने सम्बन्धी सूचना सहितको प्रारम्भिक संक्षिप्त सूचना **"आर्थिक अभियान"** राष्ट्रिय दैनिकमा २०७८ कार्तिक ३ गते तद्नुसार २० अक्टूबर २०२१ बुधवारका दिन प्रकाशित गरिएको थियो ।

तत्पश्चात्, कम्पनीको ४७औं वार्षिक साधारण सभाको मिति, स्थान, समय र छलफलका विषयहरु, अन्य जानकारीहरु, र कम्पनी ऐन, २०६३ को दफा ८४ मा शेयरधनीहरुलाई **संक्षिप्त वार्षिक आर्थिक विवरण** सभा सम्बन्धी सूचना प्रकाशित गर्दाको बखत राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्न सक्ने व्यवस्था भए अनुसार संक्षिप्त वार्षिक आर्थिक विवरण तयार पारी लेखापरीक्षकबाट प्रमाणिकृत र सञ्चालकहरुको प्रतिवेदन सहितको कम्पनीको संक्षिप्त आर्थिक विवरण समेत समावेश गरीएको बिस्तृत सूचना प्रथम पटक **"आर्थिक अभियान"** राष्ट्रिय दैनिकमा मिति २०७८ कार्तिक २८ गते तद्नुसार १४ नोभेम्बर २०२१ आइतबारका दिन प्रकाशित गरिएको थियो ।

साथै, कम्पनीको ४७औं वार्षिक साधारण सभा सम्वन्धी दोश्रो पटकको सूचना **"आर्थिक अभियान"** राष्ट्रिय दैनिकमा मिति २०७८ मंसिर ६ गते तद्नुसार २२ नोभेम्बर २०२१ सोमबारका दिन प्रकाशित गरि शेयरधनीहरुलाई सूचना सम्प्रेषण गरिएको थियो र संक्षिप्त सूचना आर्थिक अभियानको अनलाइन न्यूज पोर्टलमा समेत उपलव्ध गराईएको थियो । त्यसैगरी, ४७औं वार्षिक साधारण सभा सम्वन्धि सबै प्रकाशित सूचनाहरु र आर्थिक विवरणहरु कम्पनीको वेव साईट http:www.soalteehotel.com मा समेत शेयरधनी महानुभावहरुको अधिकतम जानकारीको लागि उपलब्ध रहेको छ ।

त्यस्तै, कम्पनीको शेयरधनी दर्ता किताबमा उपलब्ध शेयरधनीहरुको **व्यक्तिगत ईमेल आईडीमा समेत ईमेल** गरी ४७औं वार्षिक साधारण सभा सम्वन्धी सूचना सहितको संक्षिप्त वार्षिक आर्थिक विवरणहरु सम्प्रेषण समेत गरिएको थियो ।

साथै, ४७औं वार्षिक साधारण सभा सम्वन्धि सम्पूर्ण विवरण सहितको आर्थिक वर्ष २०७७/७८ का **वार्षिक आर्थिक विवरणहरु** समावेश रहेको कम्पनीको **४७औं वार्षिक प्रतिवेदन २०७७/७८** पुस्तक कम्पनीको वेव साईट http:www.soalteehotel.com मा शेयरधनी महानुभावहरु तथा सम्बन्धीत सबैको जानकारी एवं सूचनार्थ उपलब्ध रहेको छ ।

त्यसैगरि, कम्पनीको ४७औं वार्षिक साधारण सभामा शेयरधनीहरुको अभौतिक माध्यम, भर्चुवल भिडियो कन्फ्रेरेन्स (Virtual Video Conference {Virtual Webinar} Medium) भर्चुवल वेवनार को माध्यमबाट उपस्थितिका लागी कम्पनीबाट भर्चुवल भिडियो कन्फेरेन्स माध्यमबाट सहभागी हुनका लागि आवश्यक प्राविधिक जानकारी समावेश रहेको भर्चुवल भिडियो कन्फेरेन्स वेबनार रजिष्ट्रेशन र सभामा सहभागी हुने जूम लिंक सम्प्रेषण गरिएको जानकारी अनुरोध छ ।

विश्वव्यापी रुपमा फैलिएको महामारी कोरोनाभाइरस (कोभिड - १९) को प्रकोपको प्रभाव रहेको विशेष र अप्रत्याशित परिस्थितिका कारण कम्पनीको ४७औं वार्षिक साधारण सभाको बैठक भर्चुवल भिडियो कन्फेरेन्स वेबनार जूम रजिष्ट्रेशनको माध्यमबाट सञ्चालन गरिएको थियो । सो बैठकमा अधिकतम शेयरधनीमहानुभावहरुको उपस्थित भर्चुवल भिडियो कन्फेरेन्स माध्यमबाट भएको थियो । तथापी, केही शेयरधनीमहानुभावहरु भौतिक रुपमा पनि उपस्थिती हुन आउनु भएकोले निजहरुलाई कम्पनीले नेपाल सरकार द्वारा जारी (कोभिड - १९) नियन्त्रण तथा रोकथाम सम्वन्धि जनस्वास्थ्यका अत्यावश्यक

प्रोटोकल निर्देशनहरु तथा अनुपालनाहरुको कडाईका साथ पूर्णरुपमा पालना गर्दै शेयरधनी महानुभावहरुको ४७औं वार्षिक साधारण सभा स्थलमा उपस्थिति सुनिश्चित गरिएको थियो ।

४. **छलफलको विषय**

(क) **सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०७७/०७८ (२०२०/२१) को सञ्चालक समितिको **वार्षिक प्रतिवेदन** पारित गर्ने ।

२. लेखापरीक्षकको लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७७/०७८ (२०२०/२१) का **वार्षिक आर्थिक विवरणहरु,** (Financial Statements), २०७८ आषाढ मसान्तको वासलात (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण), नगद प्रवाह विवरण (नगद प्रवाहको विवरण), तथा ईक्वीटीमा भएको परिवर्तनको विवरण र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनीहरुको आर्थिक वर्ष २०७८/०७९ (२०२१/२२) को वित्तीय विवरणहरु समेत समावेश रहेको कम्पनीको **एकिकृत आर्थिक विवरणहरु,** (Consolidated Financial Statements) उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७७/०७८ (२०२०/२१) को लागि कम्पनीको **वैधानिक लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक** निर्धारण गर्ने ।

४. कम्पनीको संचालक समितिमा संगठित **संस्थाबाट मनोनित हुनु भएका संचालक**हरुको सम्वन्धमा जानकारी लिने, संचालक मनोनित गर्ने संगठित संस्था शेयरधनीहरु बाहेकका **सर्वसाधारण शेयरधनीहरुबाट तीन जना संचालकहरुको निर्वाचन** गर्ने र **स्वतन्त्र संचालक** नियुक्त गर्ने ।

(ख) **विविध**

५. **विविध:** अध्यक्षको अनुमति अनुसार ।

५. **उपस्थिति**

१. **संचालकहरुको उपस्थिति:**

कम्पनीको ४७औं वार्षिक साधारण सभामा कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम कम्पनीका कार्यकारी अध्यक्ष, **श्री दिनेश बहादुर बिष्ट, तथा संचालकहरु श्री रवि भक्त श्रेष्ठ, श्री राजेश**

**काजि श्रेष्ठ, श्रीमती जया राज्य लक्ष्मी शाह, श्री गणेश बहादुर चन्द, श्री निरञ्जन कुमार टिबरेवाला, श्री शशी राज पाण्डे,** र **श्री प्रकाश बिक्रम खत्री** ज्यूहरुको उपस्थिति थियो ।

२. **कम्पनीका पदाधिकारीहरुको उपस्थिति**

कम्पनीको ४७औं वार्षिक साधारण सभामा कम्पनीका उपाध्यक्ष, **श्री सुदर्शन चापागाई**, दी सोल्टी काठमाण्डौंका महाप्रबन्धक, **श्री विजयनान्मरन शानमुगम,** कम्पनी सचिव, **श्री लिल बहादुर खत्री,** महाप्रबन्धक फ्लाइट सर्भिसेज, **श्री अनुराग देवान,** प्रबन्धक वित्त **श्री मुक्तिनाथ श्रेष्ठ** प्रबन्धक वित्त (होटेल संचालन), **श्री नरेन्द्र न्योपाने,** वरिष्ट प्रबन्धक सूचना प्रविधि **श्री निराजन मान शाक्य,** वैधानिक लेखापरीक्षक, **बि. के. अग्रवाल एण्ड कं.,** चार्टर्ड एकाउण्टेण्टस्, लेखापरीक्षकको तर्फबाट, **प्रबन्ध साझेदार, सि ए श्री बि. के. अग्रवाल, निर्देशक सि ए श्री गौरब अग्रवाल** र कानूनी सल्लाहकारहरु वरिष्ठ अधिवक्ता **श्री कोमल प्रकाश घिमिरे,** तथा अधिवक्ता, **श्री समीर शर्मा,** निर्वाचन अधिकृत, अधिवक्ता, **श्री शैलनाथ गौतम** तथा नियामक निकाय, कम्पनी रजिष्ट्रारको कार्यालयबाट उप रजिष्ट्रार, **श्री हरी प्रसाद अधिकारी**ज्यूको उपस्थिति थियो ।

३. **शेयरधनीहरुको उपस्थिति**

१. **कुल शेयरधनीहरुको उपस्थिति संख्या** ३७७

६. **गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम)**

| विवरण | कुल (शेयरधनी संख्या तथा शेयर कित्ता) | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनीहरुको भर्चुवल तथा भौतिक उपस्थिति संख्या | १३,६०४ | ३७७ | २.७७% |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ८४,२५७,९७३ | ७३,७०३,१४४ | ८७.४७% |

७. **सभाको वैधानिकता**

सभाको प्रारम्भमा कम्पनी सचिवले उपस्थित कार्यकारी अध्यक्ष, संचालक समितिका सदस्यहरु, सम्पूर्ण शेयरधनी महानुभावहरु तथा लेखापरीक्षक, एवं उपस्थित कम्पनीका पदाधिकारीहरुलाई कम्पनीको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्दै, कम्पनीको ४७औं वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम बोलाईएको र ४७औं वार्षिक साधारण सभा गर्नका लागि शेयरधनीहरुको संख्या भर्चुवल र भौतिक गरी जम्मा ३७७ जना र कुल शेयर संख्याको **८७.४७ प्रतिशतको** प्रतिनिधित्व भएको हुंदा कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा यस कम्पनीको नियमावलीको नियम ३८ को उपनियम (क) अनुसार ४७औं

वार्षिक साधारण सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ तथा प्रचलित कानून अनुसार सभा वैधानिक भएको जानकारी सभालाई गराउनु भयो ।

## ८. सभाको सभापतित्व र सभा संचालन

सभाको वैधानिकता पश्चात्, कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) र कम्पनीको नियमावलीको नियम ३९ मा प्रावधान भए बमोजिम ४७औं वार्षिक साधारण सभाको सभापतित्व संचालक समितिका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर विष्टज्यूले गर्नुहुने जानकारी गराउँदै बिहान ११ बजे कम्पनीको ४७औं वार्षिक साधारण सभाको काम कारवाही संचालन गर्न सभापतिज्यूलाई हार्दिक अनुरोध गर्नुभयो । तत्पश्चात्, सभाका सभापति, श्री दिनेश बहादुर विष्टज्यूले सभामा उपस्थित सबै शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत अभिवादन गर्नुहुँदै ४७औं वार्षिक साधारण सभाको काम कारवाही अगाडि बढाउनु भयो ।

## ९. अध्यक्षज्यूको मन्तव्य

कम्पनीको ४७औं वार्षिक साधारण सभालाई आफ्नो मन्तव्य प्रकट गर्नुहुँदै कम्पनीका कार्यकारी अध्यक्ष तथा सभाका सभापति श्री दिनेश बहादुर विष्टज्यूले ४७औं वार्षिक साधारण सभामा अनलाइन जूम भर्चुवल भिडियो कन्फेरेन्सको माध्यमबाट र भौतिक रुपमा समेत उपस्थित हुनुभएका शेयरधनी महानुभावहरु, संचालक समितिका सदस्यहरु, कम्पनी रजिष्ट्रारको कार्यालयका प्रतिनिधि, लेखापरीक्षकहरु, कानूनी सल्लाहकारहरु, निर्वाचन अधिकृत, कम्पनीका पदाधिकारीहरु, तथा आमन्त्रित प्रतिनिधिहरु, जूम भर्चुवल व्यवस्थापनका प्राविधिकहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत तथा अभिनन्दनका साथ **अध्यक्षको मन्तब्य** प्रकट गर्नुभयो ।

नेपालमा २०७६ चैत्र ११ गतेबाट कोरोना भाईरस कोविड – १९ महामारीको संक्रमण फैलिन नदिन र रोकथामको लागि देशभरीनै बन्दाबन्दी (लकडाउन) गरिएकोले पर्यटन उद्योग, खास गरेर होटेलहरुमा कोविड – १९ महामारी मन्थर भएको अवस्था भएतापनि पर्यटन व्यसायमा प्रतिकुल प्रभाव कायमै रह्यो । पर्यटन गतिविधिहरु संचालनका लागि विश्व स्वास्थ्य संगठनको कोविड – १९ सम्बन्धी स्वास्थ्य सुरक्षाका मापदण्ड र निर्देशिकाहरु तथा संक्रमण रोक्नका लागि नेपाल सरकारले जारी गरेको निर्देशिकाहरु समेत पालन गरी होटेल संचालन गर्नुपर्ने बाध्यात्मक परिस्थितिको कारण सभा सम्मेलन, समारोह, बैठक, सेमिनार, विवाह, प्रितिभोज जस्ता सामाजिक भेलाहरु अत्यन्त कम संख्यामा गर्नपाउने नियन्त्रित तथा आंशिक प्रतिबन्ध कायमै रहेको अवस्थामा २०७८ बैशाख १६ गते देखी कोविड – १९ को दोश्रो लहरको भेरिएण्ट संक्रमण फैलिएको कारण नेपाल लगायत विश्वका विभिन्न देशहरुले पुन बन्दाबन्दी तथा यात्रा प्रतिबन्ध जारी गरे परिणामस्वरुप पर्यटनमा आधारित यस आतिथ्य उद्योगले पुन अपूरणीय क्षति व्यहोर्नु पऱ्यो ।

समग्रमा, आर्थिक वर्ष २०७७/७८ लाई समिक्षात्मक रुपमा विश्लेषण गर्दा सो आर्थिक वर्ष आतिथ्य उद्योगहरुका लागि अत्यन्त नै प्रतिकुल रह्यो । कोरोना भाईरस कोविड – १९ महामारीको कारण अन्तर्राष्ट्रिय यात्रा र पर्यटनमा विश्व स्तरमानै सबै भन्दा बढी प्रतिकूल प्रभाव परेको छ । विश्वका कतिपय देशका निकटतम गन्तव्यहरुलाई पर्यटकहरुले आफ्नो पर्यटन गन्तव्य चुन्ने गरेको भएतापनि, कोविड्-१९ महामारिको कारण ति पर्यटन गन्तव्यहरुमा समेत सन् २०२१ को पहिलो सात महिना न्युनतम अन्तर्राष्ट्रिय पर्यटकहरुको आवागमन भएको तथ्यांकले दर्शाउछ ।

कोविड १९ विरुद्धको खोपको व्यापकता तथा जनसंख्याको ठुलो जमातले प्रतिरक्षण खोप प्रयोग गरेपछी संक्रमण न्यूनीकरण हुनेछ र यस क्षेत्रका उन्नत, विकासशील तथा उदीयमान अर्थतन्त्रहरूमा व्यापक रुपमा पुनरुत्थान हुने अपेक्षा गरिएको छ । पर्यटन क्षेत्रको सुधारको गतिको परिदृष्य अझै पनि अनिश्चित देखिएतापनि, खोपको



सोल्टी होटल लिमिटेड काठमाडौं

व्यापकताले विश्वका धेरै भागहरुमा आन्तरिक पर्यटनका गतिविधिहरुमा भने निरन्तर रुपमा सुधार भइरहेको तथ्यांकहरुले देखाएकोछ ।

कोरोनाभाइरस (कोभिड-१९) महामारी र बन्दावन्दीको बीच गत आर्थिक बर्षको अवधीमा होटेलको समग्र व्यवसायीक गतिविधिहरुको परिणाममा खुद घाटा देखिएको छ ।

चालु आर्थिक वर्ष २०७८/७९ को ३० नोभेम्बर २०२१ सम्मको अवधीमा होटेलले गत आर्थिक वर्षको सोही अवधीको तुलनामा समग्र आम्दानीमा अभिबृद्धि भएकोछ । विश्वव्यापीरुपमा कोभिड-१९ बिरुद्धको खोपको व्यापक प्रतिरक्षण गर्दै गएकोले कोभिड-१९ को महामारी बिस्तारै रोकथाम हुदै गएको परिप्रेक्षमा चालु आर्थिक बर्षको अहिले सम्मको तथ्यांकले कम्पनीको कुल आयमा अपेक्षाकृत वृद्धि भएको दखिएको छ। कम्पनीले होटेल संचालन सम्वन्धी खर्चहरुमा अत्यन्तै प्रभावकारी रुपमा मितव्ययीताको नीति अपनाएको छ ।

कम्पनीले विगत ५५ वर्षको आतिथ्य सत्कार सेवाको अनुभव र आर्जित ख्याति सहितको शसक्त ब्राण्ड सोल्टी होटेल विश्वविख्यात प्रशिद्धिलाई केन्द्रबिन्दूमा राख्दै द सोल्टी काठमाण्डौं को नाम तथा ब्राण्डमा होटेल व्यावस्थापन तथा संचालन गरी रहेको छ ।

कम्पनीले नेपालको एक मात्र अन्तर्राष्ट्रिय स्तर र मापदण्ड अनुसारको अत्याधुनिक सुविधायुक्त इन-फ्लाइट क्याटरिङ सेवालाई विश्वविख्यात इन्फ्लाइट क्याटरिङ व्यवसायीक संस्था गेट गुरमेट स्विजरलैण्ड सँगको प्राविधिक सहयोगमा **दी सोल्टी गेट गुरमेट** को नाम र ब्राण्डमा सञ्चालन तथा व्यावस्थापन गर्दै आएको छ ।

समिक्षा आर्थिक वर्ष देखि कम्पनीले नेपाल नागरिक उड्डयन प्राधिकरण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थान टर्मिनल भवन क्षेत्रमा अतिविशिष्ट एयरपोर्ट लाउन्ज, **होराइजन लाउन्ज** को नाममा सञ्चालन तथा व्यावस्थापन गरिरहेकोछ ।

चालु आर्थिक वर्षमा कम्पनिले होटेलको मुख्य प्रवेशद्वार, आतिथी प्रवेश कक्ष (लबि) तथा संगैको बार र अतिथि आगमन स्वागत कक्ष, रोयल सूइटहरु लगायतका भौतिक संरचनाहरुको क्षेत्रलाई पुर्ननिर्माण, विस्तार तथा स्तरोन्नती गर्ने कार्य सम्पन्न गर्ने योजनाको कार्यान्वयन गर्नेछ ।

कम्पनीको व्यवस्थापन पक्ष, कर्मचारीहरु र तत्सम्वन्धी कर्मचारी संगठनहरु बीच अत्यन्त सुमधुर र सौहार्दपूर्ण सम्वन्ध रहेको जानकारी गराउदछु । कोरोना भाइरस कोविड – १९ महामारीको यस विषम परिस्थितिमा व्यवस्थापन, कर्मचारीहरु, र कर्मचारी संगठनहरु बीचको समन्वय अत्यन्त राम्रो र प्रशंसनीय रहेको छ । वहाँहरु सबैको सकारात्मक सोचहरुलाई सराहना तथा प्रशंसा गर्दै यस प्रकारको सौहार्दताले कम्पनीको भविश्य निर्माण गर्न हामीलाई थप हौसला तथा प्रोत्साहन मिल्ने छ ।

कोभिड-१९ को महामारीले निम्त्याएको यस विषम घडिमा कम्पनीका कर्मचारीहरु, कर्मचारी संगठनहरु, उच्च व्यवस्थापन समूहका पदाधिकारीहरु र सञ्चालक समितिका सदस्यज्यूहरुबाट कम्पनी प्रति देखाउनु भएको अपार स्नेह र माया अत्यन्त प्रेरणादायक, स्मरणीय, र कदरयोग्य रहेको उल्लेख गर्न चाहन्छु । सङ्कटको बेला कम्पनीको सञ्चालक समिति, कामदार कर्मचारीहरु, कर्मचारी संगठनहरु र उच्चतहको व्यावस्थापन समूह एक ढिक्का भएर उभिएको उदाहरणीय कार्य संभवतः सोल्टी होटेलको संगठीत संस्था संस्कारमा मात्रै सम्भव भएकोछ ।

शेयरधनी महानुभावहरु, कर्मचारीहरु, कर्मचारी संगठनहरु, स्वदेशी तथा विदेशी पाहुनाहरु, व्यवसाय प्रदान गर्ने सहयोगीहरु, नियामक निकायहरु, उच्च व्यवस्थापन समूहका पदाधिकारीहरु, र सञ्चालक समितिका सदस्यज्यूहरुबाट प्राप्त असिम विश्वास एंव भरोसा प्रति हृदय देखिनै आभार प्रकट गर्दै हार्दिक कृतज्ञता तथा धन्यवाद व्यक्त गर्नुभयो ।

(पूर्णपाठ **अनुसूची – १**)

१०. **वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुति**

(क) **सामान्य प्रस्ताव**

कम्पनीको ४७औं वार्षिक साधारण सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर विष्टज्यूले आफ्नो मन्तव्य पश्चात् सभाको पूर्व निर्धारित छलफलका विषयसूची बमोजिम संचालक समितिको तर्फबाट शेयरधनी महानुभावहरुको सभा समक्ष छलफलको लागि विषयसूची नम्बर (क) (१) र (क) (२) अनुसार क्रमश:

१. आर्थिक वर्ष २०७७/०७८ (२०२०/२१) को सञ्चालक समितिको **वार्षिक प्रतिवेदन** पारित गर्ने ।

२. लेखापरीक्षकको लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७७/०७८ (२०२०/२१) का **वार्षिक आर्थिक विवरणहरु**, (Financial Statements), २०७८ आषाढ मसान्तको वासलात (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण), नगद प्रवाह विवरण (नगद प्रवाहको विवरण), तथा ईक्वीटीमा भएको परिवर्तनको विवरण र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनीहरुको आर्थिक वर्ष २०७७/०७८ (२०२०/२१) को वित्तीय विवरणहरु समेत समावेश रहेको कम्पनीको **एकिकृत आर्थिक विवरणहरु**, (Consolidated Financial Statements) उपर छलफल गरी पारित गर्ने ।

११. **छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु**

कम्पनीको आर्थिक वर्ष २०७७/०७८ (२०२०/२१) को संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७७/०७८ (२०२०/२१) का **वार्षिक आर्थिक विवरणहरु (Financial Statements)**, २०७८ आषाढ मसान्तको **वासलात (वित्तीय स्थितिको विवरण)**, सोही मितिमा समाप्त भएको **नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य कम्प्रीहेन्सीब आय विवरण)**, **नगद प्रवाह विवरण** तथा **ईक्वीटीमा भएको परिवर्तनको विवरण** र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनीहरुको आर्थिक वर्ष २०७७/०७८ (२०२०/२१) को वित्तीय विवरणहरु समेत समावेश रहेको **एकिकृत आर्थिक विवरणहरु, (Consolidated Financial Statements)** र तत्सम्बन्धी टिप्पणीहरु सहितका आर्थिक विवरणहरु उपर सभामा उपस्थित शेयरधनी महानुभावहरु समक्ष आ-आफ्ना मन्तव्य, जिज्ञासा एवं सुझावहरु भए व्यक्त गर्न सभापतिज्यूले अनुरोध गर्नु भए बमोजिम सभामा शेयरधनी, **(१) श्री विजय बहादुर श्रेष्ठ, (१३०१०४००००१२७७२), (२) श्री चन्द्र नारायण श्रेष्ठ, (१३०१०२००००००२७३४), (३) श्री प्रेम बाहादुर श्रेष्ठ (१३०११००००००२२४९१) र (४) श्री राम गोपाल मर्हजन (१३०१२५००००००४९९१)** शेयरधनी महानुभावले छलफलको क्रममा भर्चुवल माध्यमबाट सहभागी हुँदै आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझावहरु प्रकट गर्नुभएको थियो । (विस्तृत विवरण **अनुसूची २**)

१२. **सभामा शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको जिज्ञाशा एवं प्रश्नहरुको प्रत्युत्तर**

शेयरधनी महानुभावहरुले छलफलको क्रममा सभामा प्रकट गर्नुभएका आफ्नो मन्तव्य, जिज्ञाशा एवं सराहना प्रति आभार व्यक्त गर्दै, बक्ता शेयरधनी महानुभावहरुले सभामा प्रकट गर्नुभएको जिज्ञांशा तथा प्रश्नहरुको कम्पनीका कार्यकारी अध्यक्ष एवं सभाका सभापति श्री दिनेश बहादुर विष्टज्यूले समग्र एवं सामुहिक रुपमा प्रत्युत्तर दिनुभएको थियो । (विस्तृत विवरण **अनुसूची ३**)

१३. **सभाको निर्णय**

(क) **समान्य प्रस्ताव**

१. निर्धारित छलफलको विषय सूचि नम्बर (क) (१) अनुरुप सभामा प्रस्तुत आर्थिक वर्ष २०७७/०७८ (२०२०/२१) को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपरको छलफल पश्चात् सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर विष्टज्यूले सभाबाट स्विकृत गरी पारित गर्नका लागि सभा समक्ष प्रस्ताव गर्नुभएकोमा सभाले सर्वसम्मतिबाट **संचालक समितिको आर्थिक वर्ष २०७७/०७८ (२०२०/२१) को वार्षिक प्रतिवेदन** पारित गर्‍यो ।

२. निर्धारित छलफलको विषय सूची नम्बर (क) (२) अनुरुप लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७७/०७८ (२०२०/२१) का **वार्षिक आर्थिक विवरणहरु (Financial Statements)**, २०७८ आषाढ मसान्तको **वासलात (वित्तीय स्थितिको विवरण)**, सोही मितिमा समाप्त भएको **नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य कम्प्रीहेन्सीब आय विवरण)**, **नगद प्रवाह विवरण** तथा **ईक्वीटीमा भएको परिवर्तनको विवरण** र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनीहरुको आर्थिक वर्ष २०७७/०७८ (२०२०/२१) को वित्तीय विवरणहरु समेत समावेश रहेको **एकिकृत आर्थिक विवरणहरु, (Consolidated Financial Statements)** र तत्सम्बन्धी टिप्पणीहरु लगायतका बित्तीय विवरणहरु उपर छलफल पश्चात् स्विकृत गरी पारित गरियोस् भनी सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर विष्टज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नुभएकोमा सभाले उल्लिखित वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गर्‍यो ।

३. निर्धारित छलफलको विषय सूची नम्बर (क) (३) अनुरुप कम्पनीको लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आर्थिक वर्ष २०७८/०७९ (२०२१/२२) का लागि कम्पनीको बैधानिक लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्तावको सम्वन्धमा, आर्थिक वर्ष २०७८/०७९

(२०२१/२२) को लागि कम्पनीको लेखापरीक्षण गर्न लेखापरीक्षण समितिले सिफारिश गरे बमोजिम कम्पनीको लेखापरीक्षकको नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी सभाका सभापति एवं कम्पनीका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर विष्टज्यूले ४७औं वार्षिक साधारण सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा छलफल पश्चात् सभाले लेखापरीक्षण समितिको सिफारिश भए वमोजिम **श्री बी. के. अग्रवाल एण्ड कं., चार्टर्ड एकाउण्टेण्टस्,** (B. K. Agrawal & Co., Chartered Accountants) काठमाण्डौं लाई **आर्थिक वर्ष २०७८/०७९ (२०२१/२२)** का लागि मुल्य अभिबृद्धि कर (VAT) बाहेक वार्षिक **रु.४,५०,०००/–** (अक्षेरेपी चार लाख पचास हजार मात्र) पारिश्रमिक (लेखापरीक्षण शुल्क) दिने गरी कम्पनीको बैधानिक लेखापरीक्षण तथा सोही आर्थिक वर्ष २०७८/०७९ (२०२१/२२) को लागि मुल्य अभिबृद्धि कर (VAT) बाहेक **वार्षिक रु. १,००,०००/–** (अक्षेरेपी एक लाख मात्र) दिने गरी कम्पनीको कर लेखापरीक्षण गर्न कम्पनीको बैधानिक लेखापरीक्षक तथा कर लेखापरीक्षक नियुक्त गर्ने प्रस्तावलाई ४७औं वार्षिक साधारण सभाले सर्वसम्मतिबाट पारित गर्‍यो । सो प्रस्तावको सिफारिश लेखापरीक्षण समितिको तर्फबाट

समितिका अध्यक्ष, श्री रवि भक्त श्रेष्ठज्यूले सभा समक्ष प्रस्तुत गर्नु भएको थियो । (लेखापरीक्षण समितिका अध्यक्षको प्रस्तुती पूर्णपाठ **अनुसूची ४)**

४. निर्धारित छलफलको विषय सूची नम्बर (क) (४) अनुरुप सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले प्रस्तुत गर्नुभएको प्रस्ताव, कम्पनीको संचालक समितिमा संगठित **संस्थाबाट मनोनित हुनु भएका संचालक**हरुको सम्बन्धमा जानकारी लिने, संचालक मनोनित गर्ने संगठित संस्था शेयरधनीहरु बाहेकका **सर्वसाधारण शेयरधनीहरुबाट तीन जना संचालकहरुको निर्वाचन** गर्ने र **स्वतन्त्र संचालक** नियुक्त गर्ने, प्रस्तावको सम्बन्धमा, कम्पनीका सर्वसाधारण शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने संचालकहरुको निर्वाचन प्रयोजनका लागि नियुक्त हुनु भएका निर्वाचन अधिकृत, अधिवक्ता, श्री शैल नाथ गौतमज्यूलाई सभापतिले निर्वाचन सम्बन्धी प्रतिवेदन सभालाई जानकारी गराउने अनुरोध गर्दै स्वतन्त्र संचालक नियुक्त गर्ने प्रस्तावको सम्बन्धमा सभा समक्ष संचालक समितिको मिति २०७८ मंसिर ९ गते तदनुसार २५ नोभेम्बर २०२१ मा बसेको संचालक समितिको २३६औं बैठकले विस्तृत छलफल तथा विचार विमर्श पश्चात् सर्वसम्मतिबाट प्रस्ताव गरे बमोजिम कम्पनीको स्वतन्त्र संचालकमा नेपालको पर्यटन विकासमा महत्वपूर्ण योगदान दिनु हुने १९ वर्ष भन्दा बढीको समय पर्यटन संग आबद्ध भई पर्यटन र आतिथ्यताको क्षेत्रमा लामो अनुभव प्राप्त, MBA तथा Masters in Social Science शैक्षिक योग्यता सहित नेपालको पर्यटनको सम्बन्धमा विशेषज्ञता हांसिल गर्नु भई नेपाल पर्यटन बोर्डका पूर्व कार्यकारी प्रमुख अधिकृत समेत रही सक्नुभएका **श्री दीपक राज जोशी,** मण्डिखाटार, काठमाण्डौं लाई कम्पनीको स्वतन्त्र संचालकमा नियुक्त गर्ने प्रस्तावलाई ४७औं बार्षिक साधारण सभाबाट पारित गरिदिनु हुन हार्दिक अनुरोध गर्नुभयो ।

तदन्तर, ४७औं बार्षिक साधारण सभाले **श्री दीपक राज जोशी,** मण्डिखाटार, काठमाण्डौंलाई सर्वसम्मतीबाट कम्पनीको स्वतन्त्र संचालक नियुक्त गर्ने प्रस्तावलाई पारित गर्दै **श्री दीपक राज जोशी**लाई कम्पनीको **स्वतन्त्र संचालक**मा नियुक्त गऱ्यो ।

तत्पश्चात्, कम्पनीका निर्वाचन अधिकृत, अधिवक्ता, श्री शैल नाथ गौतमज्यूले संचालक निर्वाचन सम्बन्धी प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नुभएको थियो ।

कम्पनीका निर्वाचन अधिकृतले कम्पनीका सर्वसाधारण शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने तीन (३) जना सञ्चालकको लागि शेयरधनीहरू श्री शशी राज पाण्डे, श्री निरन्जन कुमार टिबरेवाला, र श्री प्रकाश विक्रम खत्री तीन (३) जनाको उम्मेदवारी पेश हुन आएकोले **श्री शशी राज पाण्डे, श्री निरन्जन कुमार टिवरेवाला, र श्री प्रकाश विक्रम खत्री** तीन (३) जनाको मात्र उम्मेदवारी आएको हुंदा आवश्यक सख्या भन्दा बढी उम्मेदवारहरुको मनोनयनपत्र दर्ता नभएको हुंदा **सोल्टी होटल लिमिटेड संचालक निर्वाचन नियमावली, २०५४ (संशोधन सहित)** को नियम १६ (१) अनुसार उहांहरू तीनै जना कम्पनीको सञ्चालकमा **निर्विरोध निर्वाचित** हुनु भएको घोषणा गर्नुभयो ।

कम्पनीको संचालक समितिमा संस्थागत शेयरधनीहरु श्री सोल्टी ईन्टरप्राइजेज प्राइभेट लिमिटेड र श्री नेपाल वायुसेवा निगमको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरु मध्येवाट संस्थागत शेयरधनी श्री सोल्टी ईन्टरप्राइजेज प्राइभेट लिमिटेडको तर्फबाट प्रतिनिधित्व गर्न चार (४) जना संचालकहरु **श्री दिनेश बहादुर विष्ट, श्री रवि भक्त श्रेष्ठ, श्री राजेश काजि श्रेष्ठ र श्री जया राज्य लक्ष्मी शाह,** तथा श्री नेपाल वायुसेवा निगमको तर्फबाट नियुक्त हुने एक (१) जना संचालकमा **श्री गणेश बहादुर चन्द** नियुक्त हुनुभएको र स्वतन्त्र सञ्चालकमा यसै सभाबाट **श्री दीपक राज जोशी** नियुक्त हुनु भएको जानकारी गराउनु भयो ।

उपरोक्त बमोजिम, कम्पनीको ४७औं वार्षिक साधारण सभाले ९ (नौ) जना रहेको संचालक समिति गठन गरे पश्चात् कम्पनीको संचालक समितिको संरचना निम्न बमोजिम रहको छः-

| क्र.स. | संचालक समितिका सदस्यको नाम | ठेगाना | पद |
|---|---|---|---|
| १ | श्री दिनेश बहादुर बिष्ट | धोबिघाट, ललितपुर उपमाहानगरपालिका, वोडा नं. ४, ललितपुर | कार्यकारी अध्यक्ष |
| २ | श्री रवि भक्त श्रेष्ठ | किरण भवन, सानेपा, ललितपुर उपमाहानगरपालिका, ललितपुर । | सञ्चालक |
| ३ | श्री राजेश काजि श्रेष्ठ | लाजिम्पाट, काठमाण्डौ माहानगरपालिका, काठमाण्डौ । | सञ्चालक |
| ४ | श्री जया राज्यलक्ष्मी शाह | थापाथली, काठमाण्डौ माहानगरपालिका, काठमाण्डौ । | सञ्चालक |
| ५ | श्री गणेश बहादुर चन्द | न्यूरोड, काठमाण्डौ माहानगरपालिका, काठमाण्डौ । | सञ्चालक |
| ६ | श्री शशी राज पाण्डे | डिल्लिबजार, काठमाण्डौ माहानगरपालिका, काठमाण्डौ । | सञ्चालक |
| ७ | श्री निरन्जन कुमार टिवरेवाला | कमलादी, काठमाण्डौ माहानगरपालिका, काठमाण्डौ । | सञ्चालक |
| ८ | श्री प्रकाश विकम खत्री | गंगा निवास, जाउलाखेल, ललितपुर महानगरपालिका, ललितपुर, प्रदेश नं. ३, नेपाल । | सञ्चालक |
| ९ | श्री दीपक राज जोशी | मण्डिखाटार, काठमाण्डौ । | स्वतन्त्र सञ्चालक |

सभाले कम्पनीको नव गठित संचालक समितिका ९ जना सदस्यहरुलाई बधाई ज्ञापन गर्दै हार्दिक स्वागत तथा कार्यकालको पूर्ण सफलताको लागि मंगलमय शुभकामना व्यक्त गऱ्यो ।

**(ख) विविध**

**५. विविधः अध्यक्षको अनुमति अनुसार ।**

निर्धारित छलफलको विषय सूची (ग) (४) बमोजिम सभापतिज्यूको अनुमतिले विविध विषयमा छलफल गर्ने र प्रस्ताव पारित गर्नुपर्ने अन्य कुनै विषय नभएको सभाका सभापति एवं कार्यकारी अध्यक्षज्यूले सभालाई जानकारी गराउनु भयो ।

## १४. धन्यवाद ज्ञापन

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि सभापति एवं कार्यकारी अध्यक्षज्यूले समस्त शेयरधनी महानुभावहरु सकारात्मक तथा सक्रिय रुपले सहभागि हुनुभई कम्पनीको प्रगतिका लागि आवश्यक मार्गदर्शन समेत प्रदान गरीदिनु भएको, कार्यसम्पादन प्रति सराहना एवं ४७औं वार्षिक साधारण सभा सफलतापूर्वक संचालन एवं सुसम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा यस सभाको सफलतापूर्वक सञ्चालनका लागि योगदान गर्नुहुने सम्बन्धित सवैलाई हार्दिक धन्यवाद ज्ञापन तथा आभार प्रकट गर्नुभयो ।

## १५. सभा विसर्जन

अन्त्यमा, सभामा छलफलको विषय सकिएकोले सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर विष्टज्यूले दिउसो १२.३० बजे कम्पनीको ४७औं वार्षिक साधारण सभाको काम कार्यबाही विसर्जन भएको घोषणा गर्नुभयो ।

लिल बहादुर खत्री
कम्पनी सचिव

दिनेश बहादुर बिष्ट
कार्यकारी अध्यक्ष / सभाका सभापति

# अनुसूची १

(४७औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को क्रम संख्या ९ संग सम्बन्धित)

## अध्यक्षज्यूको मन्तब्य

**आदरणीय शेयरधनी महानुभावहरु,**
**संचालक समितिका सदस्य महानुभावहरु,**
**व्यावस्थापन समुहका पदाधिकारीहरु,**
**कम्पनी रजिष्ट्रारको कार्यालयका उप रजिष्ट्रारज्यू,**
**कानूनी सल्लाहकारहरु, लेखापरीक्षकहरु, निर्वाचन अधिकृत,**
**भर्चुवल भिडियो कन्फ्रेन्स माध्यमबाट र भौतिक रुपमा यहाँ उपस्थित शेयरधनी महिला एवं सज्जनवृन्द,**

कम्पनीको ४७औं वार्षिक साधारण सभा विश्वव्यापी रुपमा फैलिएको कोरोनाभाइरस कोभिड - १९ महामारीको संक्रमणका नयाँ नयाँ भेरिएण्ट फैलिने क्रम कायमै रहेको वर्तमान अवस्थाका बीच कानूनले तोकिएको समय भित्र वार्षिक साधारण सभा गर्न पर्ने भएकोले कोभिड - १९ को जोखिमबाट बच्न नेपाल सरकारले तोकेको कोभिड - १९ नियन्त्रण तथा रोकथामको लागि जारी जनस्वास्थ्य सम्बन्धी मापदण्ड तथा निर्देशिकाहरु को पूर्ण अनुपालना सहित ४७औं वार्षिक साधारण सभामा प्रस्तुत हुने विषयहरु उपर छलफल गर्न सूचना तथा प्रविधिको पूर्ण प्रयोग गर्दै शेयरधनी महानुभावहरुको ४७औं वार्षिक साधारण सभामा अनलाइन जूम भर्चुअल भिडियो कन्फेरेन्सको माध्यमबाट सहभागी हुने यथोचित व्यावस्था गर्नुपर्ने हाम्रो बाध्यात्मक र विशेष परिस्थितिलाई यहाँहरुले हृदयगम् गरीदिनुहोला भन्ने अपेक्षाका साथ उपस्थिति सम्पूर्ण शेयरधनी महानुभावहरु, महिला एवं सज्जनवृन्दमा संचालक समिति, सम्पूर्ण सोल्टी होटेल परिवार र मेरो तर्फबाट अपार स्नेहका साथ सहृदय कृतज्ञता तथा आभार व्यक्त गर्दै यस सभामा हार्दिक स्वागत तथा अभिनन्दन गर्दछु ।

कम्पनीको आर्थिक वर्ष २०७७/०७८ को संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७७/०७८ का वार्षिक आर्थिक विवरणहरु, २०७८ आषाढ मसान्तको वित्तीय स्थितिको विवरण, सोही मितिमा समाप्त भएको नाफा वा नोक्सान तथा अन्य कम्प्रीहेन्सीव आय विवरण, नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तनको विवरण र कम्पनी तथा कम्पनीका सहायक कम्पनीहरु सोल्टी हस्पिटालिटी लि. र एच. आई. सोल्टी होटेल कम्पनी प्रा. लि. को आर्थिक वर्ष २०७७/०७८ का वित्तीय विवरणहरु समेत समावेश गरी तयार गरिएको एकिकृत आर्थिक विवरणहरु, एवं तत्सम्बन्धी व्याख्यात्मक टिप्पणीहरु सहित को ४७औं वार्षिक प्रतिवेदन यहांहरु समक्ष प्रस्तुत गर्न पाउँदा हामीलाई अत्यन्त गौरवको अनुभुति भएकोछ ।

शेयरधनी महानुभावहरुले कम्पनीको समिक्षा आर्थिक वर्षको प्रकाशित वार्षिक प्रतिवेदनबाट कम्पनीको यथार्थ आर्थिक अवस्था तथा कार्यप्रगतीको विश्लेषण गरीसक्नु भएको छ भन्ने मैले ठानेको छु ।

आदरणीय शेयरधनी महानुभावहरुलाई विधितै छ कि नेपाल सरकारबाट २०७६ चैत्र ११ गतेबाट कोरोना भाईरस कोविड – १९ महामारीको संक्रमण फैलिन नदिन र रोकथामको लागि देशभरीनै बन्दाबन्दी (लकडाउन) घोषणा गरिएको थियो । यो बन्दाबन्दीको अवस्था पर्यटन उद्योग, खास गरेर होटेलहरुका लागि २०७७ श्रावण ६ गते सम्म निरन्तर जारी रह्यो तथापी त्यसपछि पनि कोविड – १९ महामारीको प्रभाव कायमै थियो र क्रमिक रुपले पर्यटनले गति लिने अपेक्षा गरिएको भएतापनि होटेल संचालनका लागि विश्व स्वास्थ्य संगठनको कोविड – १९ सम्बन्धी स्वास्थ्य सुरक्षाका मापदण्ड र निर्देशिकाहरु तथा संक्रमण रोक्नका लागि नेपाल सरकारले जारी गरेको निर्देशिकाहरु समेत पालन गरी होटेल संचालन गर्नुपर्ने बाध्यात्मक परिस्थितिको कारण सभा सम्मेलन, समारोह, बैठक, सेमिनार, विवाह, प्रितिभोज जस्ता सामाजिक भेलाहरु अत्यन्त कम संख्यामा गर्नपाउने नियन्त्रित तथा आंशिक प्रतिबन्ध कायमै रहेको अवस्थामा २०७८ बैशाख १६ गते देखी कोविड – १९ को दाश्रो लहरको भेरिएण्ट संक्रमण फैलिएको कारण नेपाल

लगायत विश्वका विभिन्न देशहरुले पुन बन्दाबन्दी तथा यात्रा प्रतिबन्ध जारी गरे परिणामस्वरुप पर्यटनमा आधारित यस आतिथ्य उद्योगले पुन अपूर्णिय क्षति व्यहोर्नु पर्‍यो ।

नेपाल भ्रमण तथा यात्रा सम्बन्धी अन्तर्राष्ट्रिय आवागमन पनि कतिपय अवस्थामा आंशिक सहित पूर्ण प्रतिबन्धीत रहेको र विदेशबाट आउने अतिथि आगन्तुकहरुलाई क्वारिटिनमा बस्नुपर्ने अनिवार्यताको कारण विदेशी पर्यटकहरुको आवागमन हुन सकेन । समिक्षा आर्थिक वर्षमा अन्तर्राष्ट्रिय हवाई जहाजहरुको नेपाल तर्फका उडानहरु पनि नियन्त्रित रुपमा मात्रै संचालन भए ।

कोभिड-१९ को महामारीले गत आर्थिक वर्ष २०७६/७७ को चैत्र महिना देखी नै विश्वब्यापी रुपमा विश्व अर्थतन्त्रका आर्थिक क्रियाकलाप तथा गतिविधिहरुमा अप्रत्याशित रुपमा नकारात्मक असर पारेको छ । पर्यटन उद्योगहरु धराशाही भएका छन् भने विश्व आतिथ्यता क्षेत्रको अर्थव्यवस्थामा नराम्रोसंग प्रतिकूल प्रभाव परेको छ, जुन अपेक्षा गरिए भन्दा निकै तिव्र र तिक्ष्ण देखिएको छ । साथै अर्को तर्फ स्थीतीमा सुधारको प्रवृतिलाई विश्लेषण गर्नेहो भने सुधारको गति अर्थविज्ञ र विश्लेषकहरुले पूर्वानुमान गरे भन्दा निकै सुस्त गतिमा सुधार हुने देखिएकोछ र विश्लेषकहरुका सुधारका आकलनहरु संशोधित भईरहेका पनि छन् । तथापी, सन २०२१ मा विश्वव्यापी आर्थिक वृद्धि दर ६.० प्रतिशत र २०२२ मा ४.९ प्रतिशत रहने अनुमान गरिएकोछ ।

समग्रमा, आर्थिक वर्ष २०७७/७८ लाई समिक्षात्मक रुपमा विश्लेषण गर्दा सो आर्थिक वर्ष आतिथ्य उद्योगहरुका लागि अत्यन्त नै प्रतिकुल रह्‍यो । कोरोना भाईरस कोभिड – १९ महामारीको कारण अन्तर्राष्ट्रिय यात्रा र पर्यटनमा विश्व स्तरमानै सबै भन्दा बढी प्रतिकूल प्रभाव परेको छ । विश्वका कतिपय देशका निकटतम गन्तब्यहरुलाई पर्यटकहरुले आफ्नो पर्यटन गन्तव्य चुन्ने गरेको भएतापनि, कोविड्-१९ महामारिको कारण ति पर्यटन गन्तव्यहरुमा समेत सन् २०२१ को पहिलो सात महिना न्युन्तम अन्तर्राष्ट्रिय पर्यटकहरुको आवागमन भएको तथ्यांकले दर्शाउछ । सन् २०२१ को अगस्ट महिना पछि कतिपय देशहरुमा पर्यटकहरुको आवागमन भएको भएतापनी कोभिड १९ पूर्व सन् २०१९ को तुलनामा अन्तर्राष्ट्रिय पर्यटनमा कम सुधार परिलक्षित भएको पाइन्छ । यसको मुख्य कारण यात्रा तथा पर्यटनमा निश्कने पर्यटकहरुको गन्तब्य प्रतिको विश्व्सनियतको कमि, कोभिड १९ भाइरसको ढिलो नियन्त्रण, कतिपय देशहरुले लगाएको यात्रा प्रतिबन्ध र कोभिड १९ नियन्त्रणका लागि अनिवार्य गरिएको क्वारिन्टीनको अनिवार्यता र यात्रा सम्बन्धी जारी गरिएका प्रतिबन्धात्मक नियमहरुको कारण अन्तर्राष्ट्रिय पर्यटनमा व्यवधान सिर्जना भईरहेको छ ।

कोभिड-१९ बाट विश्व अर्थतन्त्रमा परेको प्रतिकूल प्रभावबाट सुधार हुने सम्बन्धी प्रक्षेपणलाई विश्लेषण गर्दा सुधारको क्रम कोभिड-१९ को खोप लगाईएका धेरै जसो उन्नत अर्थव्यवस्था भएका मुलुकहरुको आर्थिक गतिविधिहरुमा तुलनात्मक रुपमा सामान्यीकरण हुने सम्भावना छ, भने उदीयमान बजार अर्थव्यवस्था भएका र कोभिड-१९ को खोप पर्याप्त उपलब्ध नरहेका मुलुकहरू र विकासशील अर्थव्यवस्था भएका मुलुकहरुले अझै पनि कोविड -१९ को संक्रमणबाट कठिन परिस्थितिको सामना गर्नुपर्ने अवस्था छ । अघिल्लो वर्ष देखि विश्व अर्थतन्त्रमा अप्रत्यासित रुपमा प्रतिकुल असर परेकोमा विस्तारै केहि सुधार परिलक्षित भएतापनि कोभिड-१९ का भेरिएण्ट फैलिएको कारण विश्वको अर्थव्यवस्थमा अपेक्षित सुधार हुन सकिरहेको छैन ।

सन् सम्बत् २०२१ देखी खोप वितरण कार्यक्रम सुरु भए पश्चत २०२१ मा अर्थतन्त्र ५.६% ले बढ्ने परिकल्पना विश्व बैंकले जनाएको छ । साथै, सन् सम्बत् २०२२ मा कोविड -१९ माहामारी पुर्वको अर्थतन्त्रका तथ्यांकको दांजोमा ४.१% ले वृद्धी दरमा कमी आउने परिकल्पना गरिएकोछ ।

त्यसैगरी, कोविड-१९ को महामारी बाट विश्व अर्थतन्त्रमा हुने सुधार सन् २०२२ सम्म जारी रहने प्रक्षेपण गरिएको सन्धदर्भमा दक्षिण एशिया क्षेत्रको अर्थतन्त्र कोविड-१९ को माहामारी फैलिनु पुर्वको अवस्थाको भन्दा लगभग ९% ले कम हुने अनुमान गरिएको छ । साथै, कोविड १९ बिरुद्धको खोपको व्यापकता तथा जनसंख्याको ठूलो जमातले प्रतिरक्षण खोप प्रयोग गरेपछी संक्रमण न्यूनिकरण हुनेछ र यस क्षेत्रका उन्नत, विकासशील तथा उदीयमान अर्थतन्त्रहरूमा व्यापक रुपमा पुनरुत्थान हुने अपेक्षा गरिएको छ । साथै दक्षिण एसियाको औषत वार्षिक वृद्धि सन् २०२०-२३ मा ३.४ प्रतिशत हुने

परिकल्पना गरिएको छ, भने यस क्षेत्रको आर्थिक गतिविधि २०२१ मा ६.८% र २०२२ मा ६.८% ले विस्तार हुने प्रक्षेपण गरिएको छ।

पर्यटन क्षेत्रको सुधारको गतिको परिदृष्य अझै पनि अनिश्चित देखिएकोछ। महामारीको निरन्तरताको कारण सन २०२१ मा पर्यटकहरुको विश्व भ्रमणको चाहना र क्षमतामा ह्रास आइ यो क्षेत्र लगातार विपरित दिशामा अगाडी बढीरहेको कारण पर्यटन उद्योगलाई यसले अनिश्चित दिशा तर्फ धकेली रहेकोछ। सन् २०२१ को मे महिनामा भएको सामान्य सुधारका वावजूत पनि कोभिड-१९ को नयाँ भेरियन्टहरु देखिएका र अन्तर्राष्ट्रिय यात्रा र भ्रमणमा लगाइएको प्रतिवन्ध निरन्तर रुपमा कायम रहेको छ। यसै विच विश्वका धेरै भागहरुमा आन्तरिक पर्यटनको क्षेत्रमा भने निरन्तर रुपमा सुधार आइरहेकोछ।

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड - १९) महामारी को प्रकोपको विशेष र अप्रत्याशित परिस्थितिको समिक्षा आर्थिक बर्ष २०७७/७८ लाई अभिबृद्धि उन्मुख रहेका विगतका आर्थिक वर्षहरुसंग तुलनात्मक विश्लेषण गर्न सकिँदैन। सन् २०२१ मा नेपालको आर्थिक बृद्धि २.९ प्रतिशत रहने अनुमान गरिएकोछ, जबकि २०२० मा १.९ प्रतिशतले गिरावट आएको थियो। आर्थिक वर्ष २०७७/२०७८ को नेपालको आर्थिक सर्वेक्षण अनुसार नेपालको कुल ग्राहस्थ उत्पादन गत आर्थिक वर्षको तुलनामा ५.८ प्रतिशतका दरले वृद्धी हुने प्रक्षेपण गरिएकोछ। कोभिड - १९ को महामारी सबै भन्दा बढी प्रभावित क्षेत्र पर्यटन र आतिथ्यता सम्बन्धी उद्योग रहेकाछन्। कोभिड - १९ ले आपूर्ति सञ्जालहरुलाई क्षतविक्षत पारेको छ। यसले आपूर्तिका आन्तरिक संजालहरुमा अवरोध सृजना गरेको तथा समग्र आर्थिक वृद्धिलाई उल्लेखनीय रुपमा ह्रास आएकोछ।

कोरोनाभाइरस (कोभिड-१९) महामारी र बन्दावन्दीको बीच गत आर्थिक बर्षको अवधीमा होटेलको समग्र व्यवसायीक गतिविधिहरुको परिणाममा खुद घाटा देखिएको छ। कम्पनीले गत वर्षको कर वाहेकको कुल मुनाफा ११ करोड २० लाख ४० हजार रुपैंयाको तुलनामा यस वर्ष खुद घाटा २२ करोड ४९ लाख ३० हजार बेहोरेको छ। गत वर्षको ३३.८५ प्रतिशत कोठा अक्यूपेन्सी रहेको तुलनामा यस वर्षको कोठा अक्यूपेन्सी १६.६१ प्रतिशत मात्र रह्यो। कम्पनीले गत आर्थिक वर्षमा १ अर्ब २६ करोड ४० लाख १० हजार आम्दानी गरेकोमा यस वर्ष ४५ करोड ३९ लाख ३० हजार मात्र आम्दानी गरेको छ। कर पछीको खुद मुनाफा अघिल्लो आर्थिक वर्षमा ६२.५३ प्रतिशतले घटेको थियो भने समिक्षा आर्थिक वर्ष २०७७/७८ (२०२०/२१) मा खुद नोक्सान भएको छ।

आदरणीय शेयरधनी महानुभावहरु,

चालु आर्थिक वर्ष २०७८/७९ को ३० नोभेम्बर २०२१ सम्मको अवधीमा यस होटेलले गत आर्थिक वर्षको सोही अवधीको १० करोड ६३ लाख ६१ हजार रुपयाँको तुलनामा कुल २८ करोड ६४ लाख १६ हजार रुपयाँ आम्दानी गरेको छ। विश्वव्यापीरुपमा कोभिड-१९ विरुद्धको खोपको व्यापक immunisation (प्रतिरक्षण) गर्दै गएकोले कोभिड-१९ को महामारी बिस्तारै रोकथाम हुँदै गएको परिप्रेक्षमा चालु आर्थिक बर्षको अहिले सम्मको तथ्यांकले कम्पनीको कुल आयमा अपेक्षाकृत वृद्धि भएको दखिएको छ।

संचालक समिति र व्यावस्थापन समूहको अत्यन्त राम्रो समन्वयन तथा व्यवस्थापकीय कार्यसम्पादनको कार्यकुशलता, व्यावसायीक क्षमता तथा उचित सतर्कता, कर्मचारीहरु र कर्मचारी संगठनहरुको पूर्ण सहयोग सर्मथन, होटेल संघ नेपालको सक्रियता, र नेपाल सरकारको आतिथ्य क्षेत्रप्रतिको सहयोग र समर्थनका कारण होटेलहरुलाई बन्दाबन्दी र त्यसपछिको जटिल परिस्थितिबाट केही राहात निश्चितरुपमा मिलेको छ। अर्थतन्त्रको यस प्रतिकुल तथा अप्रत्याशित मन्दिको अवस्थालाई हामी सबै मिलेर अनुकुल बनाउन केही कतै कसर छोड्ने छैनौ। आगामी दिनहरु चुनौतिपूर्ण रहेको भएतापनि कोभिड-१९ को दैवी प्रकोप नियन्त्रण तर्फ उन्मुख रहेकोले भविश्यका पर्यटकीय परिदृश्य प्रति हामी अशावादी छौं।

कम्पनीले होटेल संचालन सम्वन्धी खर्चहरुमा अत्यन्तै प्रभावकारी रुपमा मितव्ययीताको नीति अपनाएको छ। कम्पनीको व्यावस्थापन र संचालन सम्वन्धी खर्चहरुलाई विश्लेषण गरी अनावश्यक तथा तत्कालै जरुरी नभएका खर्चहरुलाई पूर्णरुपमा

नियन्त्रण गर्ने गरिएको छ । कम्पनीको संचालक समितिले निरन्तर रुपमा सक्रीय भई व्यवसायीक विश्लेषण गर्दै व्यावस्थापक समूहका पदाधिकारीहरुसंग प्रभावशाली र शुक्ष्म समन्वय गरीरहेको छ ।

राष्ट्रिय परिदृश्यमा, काठमाडौंमा होटेल कोठाहरुको आपूर्तिमा सबैभन्दा ठूलो संख्यामा वृद्धि हुने र पाँच तारा होटेलको खण्डमा व्यापार प्रवर्द्धनमा ठुलो दबाव सृजना हुनसक्ने अवस्था रहेकोछ । काठमाण्डौंमा विभिन्न अन्तर्राष्ट्रिय सञ्जालका चेन होटेल व्यवस्थापनहरुबाट होटेल संचालन गर्न शुरु भएबाट आतिथ्यता क्षेत्रको यो खण्डमा अस्वस्थ्य र तीव्र प्रतिस्पर्धा हुने सहजै अनुमान गर्न सकिन्छ । तथापी हाम्रो होटेलको बजार व्यावस्थापनमा विश्व विख्यात Preferred Hotel Group बाट अन्तर्राष्ट्रिय वितरण प्रणाली प्रयोग गर्दै विश्व बजारीकरण गरिने व्यवस्था गरिएको हुंदा होटेलले अपेक्षित लक्ष्य प्राप्त गर्नेमा हामी पूर्ण विश्वश्त छौं ।

समिक्षा आर्थिक वर्षको उत्तरार्धको ३१ बैशाख २०७८ (१४ मे २०२१) मा इन्टरकन्टिनेन्टल होटल्स ग्रुप संगको होटल व्यवस्थापन सम्झौताको अन्त्य भएपश्चात् हाम्रो होटेललाई रिब्रान्डिंग गरी **द सोल्टी काठमाण्डौं** को नाम तथा ब्राण्डमा होटेल व्यावस्थापन तथा संचालन गरी रहेकाछौं । कम्पनीले विगत ५५ वर्षको आतिथ्य सत्कार सेवाको अनुभव र आर्जित ख्याति सहितको शसक्त ब्राण्ड **सोल्टी होटेल** लाई केन्द्रविन्दूमा राख्दै आफैले होटेल व्यावस्थापन तथा संचालन गर्ने निर्णय गरकोछ । वर्तमान प्रतिकुल अवस्थामा पनि होटेल संचालनका प्रारम्भीक नतिजाहरु उत्साहजनक तथा सकारात्मक रहेका छन् ।

त्यसैगरी, कम्पनीले नेपालको एक मात्र अन्तर्राष्ट्रिय स्तर र मापदण्ड अनुसारको अत्याधुनिक सुविधायुक्त इन-फ्लाइट क्याटरिङ सेवा **एल एस जि स्काइ सेफ**को नाउंमा सञ्चालन गर्दै आएकोमा एयरलाइन्स इन्फ्लाइट क्याटरिङ डिभिजनको लागि कम्पनीले उक्त संस्थासंग गरेको प्राविधिक सहायता सम्झौताको अवधी सन् २०२१ जुलाई १० मा समाप्त भए उपरान्त सन् २०२१ जुलाई ११ देखि विश्वविख्यात इन्फ्लाइट क्याटरिङ व्यवसायीक संस्था गेट गुरमेट स्विजरलैण्ड सँगको प्राविधिक सहायता सम्झौता सम्पन्न गरी सो अर्न्तगत **दी सोल्टी गेट गुरमेट** को नाम र ब्राण्डमा कम्पनीको एयरलाइन्स इन्फ्लाइट क्याटरिङ डिभिजन सञ्चालन तथा व्यावस्थापन गर्दै आएको छ । सो डिभिजनको चालु आर्थिक वर्षको व्यवसायीक नतिजाहरु प्रगति उन्मुख रहेको समेत जानकारी गराउन चाहान्छु ।

साथै, समिक्षा आर्थिक वर्षमा कम्पनीले नेपाल नागरिक उड्डयान प्राधिकरण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयान कार्यालयसँग भएको लाउन्ज संचालन गर्ने सम्बन्धी लिज सम्झौता अनुसार सन् २०२१ अप्रिल १ गते देखि **होराइजन लाउन्ज** को नाम तथा ब्राण्डमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थान टर्मिनल भवन क्षेत्रमा अतिविशिष्ट एयरपोर्ट लाउन्ज सञ्चालन तथा व्यावस्थापन गरि रहेकोछ ।

कम्पनीको शेयर लगानी रहेको भोटेकोशी पावर कर्प प्राइभेट लिमिटेडको पावरहाउस प्लान्टले २०७६ पुस ६ गते देखि व्यवसायिक रुपमा विद्युत उत्पादन पुन:शुरू गरी राष्ट्रिय विद्युत ग्रिडमा आपूर्ति गर्दै आएको यहांहरुलाई विदितैछ । उक्त कम्पनीले प्राकृतिक विपत्तिबाट उत्पन्न बिध्नका कारण क्षति भएको माथिल्लो भोटेकोशी जलविद्युत आयोजनाको पुनर्निर्माणको कार्यहरू सम्पन्न गरि सकेको भएतापनि परियोजना स्थलमा प्राकृतिक चुनौतीहरुको निरन्तर सामना गरिरहेको जानकारी दिँदै सम्भव भएसम्म अमेरिकी डलरमा लिएको ऋणको पूर्व-भुक्तानी गर्ने र उक्त कम्पनीको नगद प्रवाहले धेग्न सकेको खण्डमा आर्थिक वर्ष २०७७/७८ (२०२०/२१) को लागि सकेसम्म केही नगद लाभांश भुक्तानी समेत गर्न सक्ने जानकारी गराएकोछ ।

यस कम्पनीको सहायक कम्पनीको लगानी रहेको नेपालको पहिलो लिड प्रमाणित पांच तारे वर्गिकृत हरित होटेलको रुपमा संचालित नेपालगन्जको **सोल्टी वेस्टेण्ड प्रिमियर** होटेलको कार्यसंचालनमा कोरोनाभाइरस (कोभिड-१९) महामारीको प्रत्यक्ष प्रभाव परेकोछ । उक्त होटेलले यस कोभिड-१९ को संक्रमण शुरु हुनुपूर्व प्रगतिशिल कार्यसम्पादन गर्दै गरेको थियो । सोही अनुरुप नगद मुनाफा समेत आर्जन गर्न शुरुवात गरिसकेको पनि थियो । उक्त होटेलको भविष्यको समग्र व्यवसायीक परिदृश्यलाई नियाल्दा कोविड-१९ को महामारीको रोकथाम भएपछिका दिनहरुको व्यावसायिक परिदृश्यहरु उत्साहजनक हुनेमा हामी पूर्ण विश्वश्त छौं ।

**आदरणीय शेयरधनी महानुभावहरु,**

आतिथ्य सत्कार सेवा क्षेत्रमा सोल्टी होटेलले विगत ५५ वर्ष देखि निरन्तर रुपमा अग्रणीय भूमिका निर्वाह गर्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यटक अतिथिहरुलाई उत्कृष्ट सेवा, अन्तर्राष्ट्रिय स्तरका परिकार उत्पादनहरु तथा आतिथ्य सुविधाहरु प्रदान गर्दै ख्याति र प्रशिद्धी प्राप्त गर्दै आएकोछ । कम्पनीले निरन्तर रुपमा अत्याधुनिक अन्तर्राष्ट्रिय मापदण्ड र प्रविधिहरुबाट होटेललाई शुशोभित गर्ने क्रममा साविक भौतिक आतिथ्य सुविधाहरुको पुर्ननिर्माण तथा स्तरोन्नति गर्दै नयाँ आतिथ्यताको क्षेत्रमा सदैव नविनतम प्रविधिको प्रयोग, अत्याधुनिक सेवा प्रदान गर्ने, नौलो उत्साह तथा जागर पुर्नताजगी गर्ने जस्ता विकासशिल क्रियाकलाप गर्दै अतिथि पाहुनाहरुको सेवामा सक्रिय रहँदै विशिष्ट र उदाहरणीय आतिथ्यता प्रवाह गर्दै आएकोछ । सोही क्रमलाई निरन्तरता दिँदै चालु आर्थिक वर्षमा पनि कम्पनिले होटेलको मुख्य प्रवेशद्वार, अतिथी प्रवेश कक्ष (लबि) तथा संगैको बार र अतिथि आगमन स्वागत कक्ष, रोयल सूइटहरु लगायतका भौतिक संरचनाहरुको क्षेत्रलाई पुर्ननिर्माण, विस्तार तथा स्तरोन्नती गर्ने कार्य सम्पन्न गर्ने योजनाको कार्यको शुरुवात गरी सकेको जानकारी अनुरोध छ । अतिथी प्रवेश कक्ष (लबि) स्तरोन्नती पश्चात् हाम्रो होटेल सम्भवतः नेपालको अत्यन्त सुविधा सम्पन्न सर्वोत्तम आतिथी प्रवेश कक्ष (लवि) भएको अत्याधुनिक पांचतारे डिलक्स होटेल हुनेछ ।

कम्पनीको व्यवसायीक गतिबिधिहरुलाई विविधिकरण गर्ने, विस्तार गर्ने, तथा आतिथ्य क्षेत्रका अन्य सेगमेन्टहरुमा लगानी विस्तार गर्ने रणनीति अनुरुप कार्य भई रहेको समेत जानकारी गारउँदछु । नेपालको आतिथ्य क्षेत्रमा हाम्रो पहुँच र दह्रो उपस्थिति सुनिश्चत गर्ने तर्फ हामी अग्रसर रहेका छौं ।

कोविड १९ को होटेल उद्योगमा पर्ने सक्ने दीर्घकालिन प्रभावको लेखाजोखाको प्रक्षेपण हाल नभएतापनि विश्व पर्यटन संगठनको आकलनलाई अनुसरण गर्ने हो भने वर्तमान कोभिड १९ को अवस्था कहिले सम्म रहने हो भन्नेमा अनिश्चितता कायमै रहेतापनि भविश्यमा कम्पनीमा आईपर्ने अनिश्चित, अप्रत्याशित र अनपेक्षित व्यवसायीक चुनौतिहरु र प्रतिकुलताहरु लाई दृढताका साथ सामना गर्नमा हाम्रो कम्पनी सक्षम रहेको अनुरोध गर्न चाहन्छु ।

कम्पनी संग विद्यमान आर्थिक श्रोत, आर्थिक संसाधनहरु र वित्तीय श्रोतहरुलाई सञ्चय, जोह, र संरक्षण गर्नुपर्ने चालु प्रतिकूल अवस्थालाई सुक्ष्म अध्ययन तथा विश्लेषण गर्दै कम्पनी निरन्तर अग्रगतिमा प्रगति पथमा अगाडी बढने कार्ययोजना रहेकोछ । कम्पनीको संचालक समितिमा यस सम्बन्धमा विस्तृत छलफल तथा विवेचना पश्चात् आर्थिक वर्ष २०७७/७८ वर्षमा कम्पनीमा भएको खुद नोक्सानीको विशेष अवस्था र आतिथ्यक्षेत्रका होटेलहरुका लागि आगामी वर्षहरु अत्यन्त कठिन, चुनौतिपूर्ण र आर्थिक रुपमा निकै संघर्षशील परिस्थिति रहेने विश्लेषण र समीक्षा सहित संचालक समितिले आदरणीय शेयरधनी महानुभावहरुको लागि कुनै पनि लाभांश सिफारिश नगरेको जानकारी अनुरोध गर्दछु ।

कम्पनीको व्यवस्थापन पक्ष, कर्मचारीहरु र तत्सम्बन्धी कर्मचारी संगठनहरु बीच अत्यन्त सुमधुर र सौहार्दपूर्ण सम्बन्ध रहेको जानकारी गराउँदछु। कोरोना भाइरस कोविड – १९ महामारीको यस विषम परिस्थितिमा व्यवस्थापन, कर्मचारीहरु, र कर्मचारी संगठनहरु बीचको समन्वय अत्यन्त राम्रो र प्रशंसानीय रहेको छ । वहाँहरु सबैको सकारात्मक सोचहरुलाई सरहाना तथा प्रशंसा गर्दै यस प्रकारको सौहार्दताले कम्पनीको भविश्य निर्माण गर्न हामीलाई थप हौसला तथा प्रोत्साहन मिल्ने छ ।

**आदरणीय शेयरधनी महानुभावहरु**

कोभिड-१९ को महामारीले निम्त्याएको यस विषम घडिमा कम्पनीका कर्मचारीहरु, कर्मचारी संगठनहरु, उच्च व्यवस्थापन समूहका पदाधिकारीहरु र सञ्चालक समितिका सदस्यज्यूहरुबाट कम्पनी प्रति देखाउनु भएको अपार स्नेह र माया अत्यन्त प्रेरणादायक, स्मरणीय, र कदरयोग्य रहेको उल्लेख गर्न चाहन्छु । सङ्कटको बेला कम्पनीको सञ्चालक समिति, कामदार कर्मचारीहरु, कर्मचारी संगठनहरु र उच्चतहको व्यावस्थापन समूह एक ढिक्का भएर उभिएको उदाहरणीय कार्य संभवतः सोल्टी होटेलको संगठीत संस्था संस्कारमा मात्रै सम्भव भएकोछ । कम्पनीलाई पर्नसक्ने दूरगामी आर्थिक संकट निदानका लागि चिन्तन गर्दै अग्रसरता देखाउनु हुने हाम्रा कर्मठ, कर्तव्यनिष्ठ तथा कम्पनी प्रति निष्ठावान कर्मचारी र कर्मचारी संगठनहरुबाट कोभिड-१९ महामारीको प्रतिकूल प्रभावको कारण पर्नसक्ने दूरगामी आर्थिक मन्दिबाट कम्पनीलाई जोगाउनका लागि गर्नुभएको प्रशंसनीय सहयोग र समर्थन कदर योग्य रहेको छ ।

राष्ट्रिय स्तरको ट्रेड युनियन र होटल संघ नेपाल (हान) संग सहमति भए अनुसार, कम्पनीका कर्मचारीहरुले काममा आएको दिनको मात्र तलब पाइरहेका छन् । कम्पनीका कर्मचारीहरुका नियमितरुपमा पाउने बाँकि सबै सेवा र सुविधाहरु २०७७ बैशाख १ (१३ अप्रिल २०२०) देखि हालसम्म निलम्बित गरिएका छन् । होटेलको संचालन गतिविधिहरु सिमित रहेको कारण घरमै बस्ने प्रत्येक कर्मचारीहरुले २०७७ बैसाख १ गते देखि २०७७ पुष १६ गते (३१ डिसेम्बर २०२०) सम्म प्रति महिना रु. १०,००० भुक्तानी प्राप्त गर्दै आएका थिए भने मिति २०७७ पुस १७ गते देखि त्यस्ता कर्मचारीहरुलाई प्रति महिना रु. ५,०००।- का दरले भुक्तानी प्राप्त गर्दै आएका छन ।

त्यसैगरी संचालक समितिका सबै सदस्यज्यूहरुले समिक्षा आर्थिक वर्षमा पनि कुनै बैठक शुल्क लिनु भएन । उहांहरुले कम्पनीलाई दिनु भएको अमूल्य सहयोग, सेवा र समर्थनका लागि म हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु ।

कम्पनीका उच्च व्यवस्थापन समूहका पदाधिकारीज्यूहरुबाट स्वघोषित रुपमा पूर्णकालिन दैनिक कार्यसम्पादन गर्दै आफ्नो तलबको ५०% कम्पनीलाई योगदान गर्ने र कम्पनीबाट प्रदान गरिएको अन्य सुविधाहरु नलिने निर्णय अनुरुप २०७७ बैशाख देखी २०७७ पुष १६ गते सम्म कम्पनीको हितको लागि योगदान गरको समेत जानकारी अनुरोध छ । साथै कम्पनीका Vice President ले २०७७ पुष १७ गते देखि अन्य सबै सुबिधा नलिने गरी आफ्नो पारिश्रमिकको २५ प्रतिशत कम्पनीलाई योगदान गर्नु भएकोछ ।

कर्मचारीहरु, कर्मचारी संगठनहरु, उच्च व्यवस्थापन समूहका पदाधिकारीहरु, र सञ्चालक समितिका सदस्यज्यूहरु सबैमा हार्दिक कृतज्ञता तथा धन्यवाद व्यक्त गर्दछु ।

आदरणीय शेयरधनी महानुभावहरुबाट कम्पनीलाई दिनुभएको अमूल्य सुझाव र सल्लाह प्रति म कृतज्ञता ज्ञापन गर्दछु । साथै, शेयरधनी महानुभावहरुले कम्पनीको संचालक समिति र व्यवस्थापन प्रति देखाउँदै आउनु भएको असिम विश्वास एंव भरोसा प्रति हृदय देखिनै धन्यवाद एवं आभार प्रकट गर्दछु ।

कम्पनीको प्रत्येक वार्षिक साधारण सभामा सक्रीय सहभागिता जनाई यहांहरुको निरन्तर अमूल्य मार्ग निर्देशन, नैतिक सहयोग र समर्थनका लागि सम्पूर्ण शेयरधनी महानुभावहरु प्रति म र संचालक समिति आभार एवं कृतज्ञता ज्ञापन गर्दछौं ।

कम्पनीलाई निरन्तर सहयोग र संरक्षण प्रदान गर्नुहुने होटेलमा पाल्नुहुने सम्पूर्ण स्वदेशी तथा विदेशी पाहुनाहरु, हामीलाई पाहुना उपलब्ध गराउनु हुने ट्राभल एजेन्सीहरु, एयरलाईन्स कम्पनीहरु, अन्य एजेन्सीहरु, हाम्रो परिकल्पना, योजना र आवश्यकता अनुरुप आधारभूत संरचनालाई साकार र सुनियोजित पार्नुहुने परियोजना परामर्शदाताहरु, आधारभूत संरचनालाई मूर्तरुप दिंदै आवश्यकता अनुसार सेवा उपलब्ध गराउनु हुने संरचना निर्माणकर्ताहरु, आपूर्तिकर्ताहरु, बैंक तथा वित्तीय संस्थाहरु, कानूनी सल्लाहकारहरु र परामर्शदाताहरु, कम्पनीका शेयर रजिष्ट्रार, तथा अन्य सेवा प्रदायकहरुलाई संचालक समिति र मेरो तर्फबाट हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु ।

अन्त्यमा, सञ्चालक समितिको तर्फबाट म नेपाल सरकार, पर्यटन मन्त्रालय तथा पर्यटन विभाग, उद्योग मन्त्रालय र कम्पनी रजिष्ट्रारको कार्यालय तथा उद्योग विभाग, नेपाल राष्ट्र बैंक, नेपाल स्टक एक्सचेंज लि., नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लियरिंग कम्पनी लि. एवं अन्य सरकारी तथा नियामक निकायहरुबाट प्राप्त सहयोग, मार्गदर्शन र सम्पूर्ण कर्मचारीहरुले आफ्नो समर्पित सेवाबाट कम्पनीलाई आ–आफ्नो ठांउबाट पुर्‍याउँदै आउनुभएको निरन्तर महत्वपूर्ण योगदानका लागि हार्दिक आभार व्यक्त गर्दछु !

धन्यवाद !

लिल बहादुर खत्री
कम्पनी सचिव

दिनेश बहादुर बिष्ट
कार्यकारी अध्यक्ष / सभाका सभापति

# अनुसूची २

(४७औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को क्रम संख्या ११ संग सम्बन्धित)

## छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु

कम्पनीको आर्थिक वर्ष २०७७/७८ (२०२०/२१) को संचालक समितिको वार्षिक प्रतिवेदन, २०७८ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०७७/७८ (२०२०/२१) को आम्दानी विवरण (नाफा नोक्सान हिसाब), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन र तत्सम्बन्धी अनुसूचिहरु सहितका आर्थिक विवरणहरु उपर सभामा उपस्थित शेयरधनी महानुभावहरु समक्ष आ-आफ्ना मन्तव्य, जिज्ञासा एवं सुझावहरु भए व्यक्त गर्न सभापतिज्यूले अनुरोध गर्नुभए बमोजिम सभामा निम्नलिखित ४ जना शेयरधनी महानुभावहरुले छलफलको क्रममा प्रत्यक्ष सहभागी हुँदै आ–आफ्ना मन्तव्य, जिज्ञासा, प्रश्न एवं सुझावहरु व्यक्त गर्नुभएको थियो:–

## छलफलमा विचार प्रकट गर्नुहुने शेयरधनी महानुभावहरु

छलफलमा सहभागी भई आ-आफ्ना मन्तव्य, जिज्ञासा, प्रश्न एवं सुझावहरु व्यक्त गर्नुहुने शेयरधनी महानुभावहरुको विवरण सहितको नामावली तपसिल बमोजिम रहेकोछ :–

| क्रम सख्या | बक्ता शेयरधनीको नाम | शेयरधनी नम्बर / हितग्राही खाता नम्बर | धारण गरेको शेयर संख्या (प्रति शेयर रु. १० का दरको) |
|---|---|---|---|
| १ | श्री विजय बहादुर श्रेष्ठ, | १३०१०४००००१२७७२ | १,१७२,८८३ |
| २ | श्री चन्द्र नारायण श्रेष्ठ, | १३०१०२००००००२७३४ | २४६ |
| ३ | श्री प्रेम बाहादुर श्रेष्ठ | १३०११००००००२२४९१ | ११८,९६३ |
| ४ | श्री राम गोपाल मर्हजन | १३०१२५००००००४९९१ | ४,५७२ |

## छलफलको क्रममा व्यक्त गरिएका मन्तव्य, प्रश्न र सुझावहरुको प्रस्तुतीकरण

छलफलको क्रममा सहभागी वक्ता शेयरधनी महानुभावहरुले बुंदागत रुपमा निम्नलिखित मन्तब्य, जिज्ञाशा, एवं सुझावहरु सभा समक्ष व्यक्त गर्नुभएको थियो:–

### १. श्री विजय बहादुर श्रेष्ठ

१.१ कम्पनीका संस्थापक तथा पूर्व मानार्थ अध्यक्ष स्वर्गीय श्री प्रभाकर शम्सेर ज. ब. राणाको सम्झना गर्दै वहांको यस कम्पनी प्रतिको योगदान स्मरणीय रहेको तथा यस संकटको घडिमा कम्पनीले उहाँलाई सम्झी रहेको उल्लेख गर्दै स्वर्गीय राणाको सुझबुझ र मार्गदर्शन गुमाएको अनुभति भएकोछ।

१.२ कोरोनाभाइरस कोविड – १९ महामारीबाट पर्यटनमा परेको प्रतिकुल परिस्थितबाट होटेललाई बचाउनका निमित्त सोल्टी होटेलले जसरी कोविड – १९ महामारीको संकटमा व्यवस्थापन गर्यो, त्यसलाई परवेक्षकको रुपमा बाहिरबाट विश्लेषण गर्दा अत्यन्त कारगर, सफल र सबैभन्दा उपर्युक्त पाइला चालेको लगानीकर्ताहरुको प्रतिकृया रह्यो। कोविड – १९ महामारी संकटको घडीमा कम्पनीका कार्यकारी अध्यक्षज्यू र संचालक समितिका सदस्यज्युहरुले तलव, भत्ता, सुविधा केहि नलिई यस संस्थालाई बलियो बनाउन गर्नुभएको योगदानका लागि

सरहाना सहित हार्दिक धन्यवाद । कोविड – १९ महामारी जस्तो संकटको बेला वित्तिय अनुशासन, तथा सुधार गर्ने सफल प्रयास गरिएकोमा धन्यवाद । होटेल व्यवसायमा शिघ्रताशिघ्र सुधार आओस भन्ने अपेक्षाका साथ शेयरधनीहरुको शुभकामना छ ।

१.३ बदलिँदो परिस्थितिमा कम्पनीले होटेल संचालन तथा व्यावस्थापन गर्न एउटा अन्तर्राष्ट्रिय ब्रान्ड ल्याउनु पर्छ तथा अन्तर्राष्ट्रिय चेन ब्राण्ड नभई अहिलेको अवस्थामा नवआगन्तुक अन्तर्राष्ट्रिय चेन होटेलसंग प्रतिश्पर्धा गर्न गार्हो हुने देखिन्छ । सोल्टी होटेल अन्तर्राष्ट्रिय ब्राण्डबाट सञ्चालित होस् र अन्तर्राष्ट्रिय ब्राण्डमा पनि भारतीय भएमा खर्च व्यवस्थपनमा र ट्रेनिङ्ग खर्चमा धेरै कमी हुनुका साथै भौतिक रुपमा भारत नजिक भएको कारणले होटेलको नेटवर्किङ्ग तथा अन्य धेरै कुराहरुमा सजिलो हुने सुझाव ।

१.४ नयाँ चुनौतिहरुको सामना गर्नका लागि व्यावसायीक रणनीति कार्ययोजना निर्माण गर्नुपर्‍यो तथा अप्रत्याशितरुपमा आई पर्ने विभिन्न परिस्थितिहरुलाई कसरी समाधान गर्ने, कोविड १९ माहामारीको निरन्तरता रहेमा गरीने कार्ययोजनाहरु तथा माहामारीको अन्त्य पछिको अवस्थाको व्यावसायीक योजनाहरु तर्जूमा गरी कार्यान्वयन गर्नुपर्‍यो ।

१.५ सोल्टी होटेलको प्रतिष्ठा र ख्यातिको प्रमुख कारण यसका भौतिक सुविधाहरुका साथसाथै होटेले प्रदान गर्ने अत्यन्त आत्मीय तथा उच्चस्तरको आथित्यता सत्कार सेवा हो जसमा मानव संशाधनको अहम भुमिका रहेकोछ त्यसैले होटेलको मानव संशाधनलाई चुस्त दुरुस्त राख्दै सेवाको गुणस्तरलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिनु पर्दछ ।

१.६ विगतमा मानव संशाधन लाई सबल नगरिएको हुँदा अनुभवि तथा कर्मशील कर्मचारीहरु अन्य प्रतिस्पर्धि होटेलहरुमा गएर कार्यशील हुंदा होटेल व्यावसायमा थप चुनौति देखिएकोछ । सोल्टी होटेललाई कर्मठ तथा सर्वोत्तम सेवाप्रदायक मानव संसाधनको गढ मानिन्छ र यो प्रतिष्ठालाई कायमै राख्नुपर्छ ।

१.७ रिगल सुईटका ७ वटा सुईटहरुको उपयोगीता घटेको अनुभव भएकोछ र पहिलाको जस्तो आकर्षित नभएको हुँदा सुईट बिक्री घटेको छ , अतः यसलाई स्तरोन्नती गरी नँया स्वरुप प्रदान गर्नुपर्दछ ।

१.८ होटेलको संचालन लागतमा कसरी कमी ल्याउन सकिन्छ भन्ने विषय तर्फ पनि विचार गरियोस् । किचेन व्यावस्थापनको लागत कम गरी बचत गर्न सक्ने प्रशस्त संभावना छ ।

१.९ व्यावसाय तथा कम्पनीमा पारदर्षिता ल्याउनाका निम्ति लेखापरिक्षण समितिका अध्यक्षलाई अन्य समितिहरुमा नराख्न सुझाव ।

१.१० कम्पनीको हालको लगभग ९५ रोपनि जग्गालाई सदुपयोग गर्दै एउटा नँया अवधारणाका साथ सोल्टी सिटी निर्माण गरी त्यसलाई व्यावसायीक तथा आर्थिक केन्द्रको रुपमा विकास गर्न सकिन्छ जसमा बैंक तथा वितिय संस्था देखि उच्च श्रेणीका अपार्टमेंटहरु बनाउन सकिन्छ त्यसतर्फ अध्ययन गरियोस् ।

१.११ कम्पनीको १ वर्ष भित्र उठ्न नसक्ने असामीलाई छुट्टै लेखांकन गर्ने व्यावस्था मिलाउने कार्य गरेमा कम्पनीको हिसाब किताबमा अझबढी पारदर्षिता आउनेछ । तथ्यांकले सोल्टी होटेलको शेयर पूंजीमा ३०% ले ह्रास आएको देखाएको छ ।

१.१२ सोल्टी होटेलले भविश्यमा आफ्नो सेवा विस्तार योजना बनाउंदा उपत्यका भित्रको व्यावसायीक अवसरलाई प्राथमिकता दिनु पर्‍यो । काठमाण्डौं उपत्यका बाहिरको तुलनामा काठमाण्डौं उपत्यका भित्र धेरै अवसरहरु छन् । दीर्घकालिन व्यावसायीक गतिविधिहरुबाट प्राप्त प्रतिफलका लागि उपत्यका बाहिर उपयुक्त होला तर

अल्पकालमा प्रतिफल प्राप्त गर्नका लागि काठमाण्डौं उपत्यका भित्रका उपयुक्त ठांउहरु प्रति पनि संभाव्यता अध्ययन गरियोस् ।

१.१३ वदलिँदो परिस्थिति र समयमा जहां सोल्टी होटेल स्थित छ त्यो क्षेत्रलाई एउटा व्यासायीक गतिबिधि हुने स्थान र केन्द्रको रुपमा विकशित हुँदै गएको छ। अबको समयमा भक्तपुर, भैंसिपाटि, धुलिखेल जस्ता साना शहरहरुमा पनि होटेलहरु खोल्ने तर्फ विचार गर्नुपदर्छ । त्यस्ता साना शहरहरुमा संस्थापन हुने होटेलबाट पनि राम्रो प्रतिफल प्राप्त गर्न सकिन्छ ।

१.१४ जसरी हामिले होटेलका भौतिक सुविधाहरुको स्तरोन्नती, पुर्ननिर्माण, मर्मत सम्भार गरिरहेका छौं र सोही अनुकुल होटेलको स्तरोन्नती भई ख्याति प्राप्त भएको छ अब त्यसै गरी होटेल संचालनका लागि सफ्टवेयर मानिने मानव संशाधनको विकास तथा स्तरोन्नती गर्ने तर्फ समेत ध्यान दिनुपर्दछ ।

१.१५ अन्त्यमा, कोविड १९ महामारीको यस अत्यन्त गंभिर र प्रतिकुल परिस्थितिमा कम्पनीका कार्यकारी अध्यक्षज्युले गर्नुभएको उदाहरणीय योगदानको लागि प्रसंशा तथा सराहना गर्दै धन्यवाद व्यक्त गर्नुभयो ।

२. **श्री चन्द्र नारायण श्रेष्ठ**

२.१ पूर्व वक्ता श्री विजय बाहादुर श्रेष्ठबाट होटेल संचालन तथा व्यावस्थापन सम्वन्धि गतिविधिहरुको विषयमा मन्तव्य प्राप्त भई सकेकोछ । ठुला लगानिकर्ताहरुको साथसाथै स-साना लगानिकर्ताहरुको सुझाव र सल्लाहहरुलाई पनि कम्पनीले ध्यान दिनुपर्‍यो ।

२.२ विगत २-३ वर्षपछि कम्पनिको वार्षिक साधारण सभामा बोल्ने मौका भर्चुवल माध्यमबाट भएपनि पाएकोमा धन्यवाद तथा आभार ।

२.३ अध्यक्षज्यूको मन्तव्य लामो भएको हुंदा, आगामि वर्ष सो मन्तव्य छोटो, सटिक र मिठा बुँदाहरु राखेर आफ्नो मन्तव्य व्यक्त गरिदिनुहुन अनुरोध छ ।

२.४ शेयरधनीहरुले गतवर्ष देखि लाभांश तथा बोनस शेयर नपाएको अवस्था छ। कम्पनी नोक्सानीमा छ र कोविड १९ महामारी तथा सोका अन्य नयां नयां संस्करणहरु र हाल ओमिक्रोन भाइरसको सक्रमणको खतरा बढ्दै गईरहेको छ ।

२.५ मानव जिवन रहेसम्म कोविड १९ महामारी, सार्स, भाइरस, ब्याक्टेरिया जस्ता दैविक प्रकोपहरु देश, वदेशमा फैलिने अवस्था रहन्छ । कम्पनीका शेयरधनीहरुले केहि पनि प्रतिफल नपाएको अवस्थामा कम्पनिको श्रमिक कर्मचारीहरुले भने थोरै भएपनि तलब सुविधाहरु पाएको अवस्था छ ।

२.६ कम्पनिको सम्प्रेशित वार्षिक आर्थिक प्रतिवेदन विश्लेषण गर्दा, त्यसमा सबै अनुसूचिहरु नभएको र सबै कुराहरु विस्तृत रुपमा देखाइएको पाईएन ।

२.७ कम्पनिको कुल आम्दानी लगभग रु. ४५ करोड, र कुल खर्च रु. ६३ करोड छ जसमा वित्तीय लागत रु. २८ लाख समावेश छ। यस वर्ष कम्पनीले लगभग रु. २२.५० करोड खुद नोक्सानी देखाएको छ। त्यसै गरी संचित *मुनाफा तथा जगेडा लगभग रु. ८२ करोड बाट घटेर लगभग रु. ५९ कारोड भएको वार्षिक आर्थिक प्रतिवेदनले* देखाएको छ । समिक्षा आर्थिक वर्षमा कम्पनीको काबु बाहिरको परिस्थितिले गर्दा होटेलको कोठा दर पनि घटेको देखिन्छ ।

२.८ कम्पनिको कर्जा सापटीमा रुपैँया ९.५ करोड देखाएको छ जो गत आर्थिक वर्षमा कुल रुपैँया १२ लाख थियो । थप कर्जा लिनुको कारण स्पष्ट परिदिनुहोला । कुन कुन खर्च व्यहोर्न ऋण सापटि लिईएको हो वार्षिक साधारण सभामा राखिएको भए शेयरधनीहरुलाई स्पष्ट रुपमा जानकारी प्राप्त हुन्थ्यो ।

२.९ संचालक समितिका सदस्यज्यूहरुले बैठक भत्ता नलिएकोमा संचालकज्यूहरुलाई धन्यवाद । संस्था प्रति आफ्नो जिम्मेवारी, र उत्तरदायित्व, बोध गरी संस्था प्रतिको सुशासन निर्वाह गरिदिनु भएकोमा, सरहाना तथा धन्यवाद ।

२.१० कम्पनिको आम्दानी लगभग रु. ४५ करोड मात्र भएको अवस्थामा व्यावस्थापन तथा संचालन खर्च लगभग रु. ३१ करोड भएको देखिन्छ र ग्राफ, पाई-चार्ट, तेर्सो, ठाडो ग्राफ अनुसार होटेलको खूद मुनाफा निक्कै मुनि पुगेको देखिन्छ । साथै, कम्पनीले जग्गाको मुल्यांकन गरेको छैन, शेयर-मूल्य / फ्लोर मूल्य प्रति शेयर निकाल्नु पर्ने र Allowance for Impairment भनेको केहो बुझाई दिनुपर्ने अवस्था छ ।

२.११ आगामि साल भौतिक रुपमा उपस्थित भई आफ्नो मन्तव्य राख्न पाउँछौं होला भन्ने आशा गरौं । कम्पनीका कार्यकारी अध्यक्षज्यू, भर्चुवलका प्राविधिक साथिहरु, भौतिक तथा भर्चुवल माध्यमबाट उपस्थित हुनुभएका शेयरधनीमाहानुभावहरु, संचालकज्यूहरु, व्यावस्थापन समुह, अधिकृतज्युहरु र सबै महानुभावहरुलाई हार्दिक धन्यवाद ।

## ३. श्री प्रेम बहादुर श्रेष्ठ

३.१ कम्पनीको ४७औं वार्षिक साधारण सभामा पाल्नु भएका सबै माहानुभावहरुलाई हार्दिक अभिवादन । यंहाहरुले बोल्ने मौका प्रदान गर्नुभएकोले धन्यवाद दिदै सानो मन्तव्य राख्नेछु । कम्पनीका कार्यकारी अध्यक्ष दिनेश बाहादुर विष्टज्यू, संचालक समितिका सदस्यज्यूहरु, तथा कम्पनीको व्यावस्थापन समूह लगायत सबै प्रति हार्दिक आभार ।

३.२ कम्पनीमा गरेको लगानीबाट यसका शेयरधनीहरुलाई संतुष्ठि प्राप्त भएकै छ । हालको विषम परिस्थिति र कोविड १९ महामारीको अवस्थामा धेरै होटेलहरु बन्द भएका छन् । धेरै व्यावसायहरु धरासाही पनि भएका छन् । प्रतिकूल परिस्थितिमा पनि यंहाहरुले जुन प्रकारको अदम्य सहास तथा लगनका साथ शेयरधनिहरुलाई माया गरेर लामो समय देखी मुनाफा गर्दै प्रतिफल दिदै आउनु भएको छ र आम्दानि गराइ राख्नु भएको छ, त्यसको लागि, यंहाहरु प्रति साधुवाद तथा आभार ।

३.३ सोल्टी होटेल लिमिटेडका शेयरधनीहरुलाई यस वार्षिक साधारण सभा मार्फत सुझाव दिने मौका दिनुभएकोमा धन्यवाद । आफुले लगानी गरे भन्दा कइयौं गुना प्रतिफल शेयरधनीहरुले पाईसकेको अवस्था छ । नेपालीहरु सँग एउटा भिन्न खालको नेपाली संस्कृति छ त्यसलाई विदेशमा पनि यस होटेलको सेवा मार्फत पुऱ्याउनु पाए राम्रो हुन्थ्यो ।

३.४ कम्पनीका कर्मचारीहरुको शेयरधनीहरुलाई हेर्ने दृष्ठिकोण अत्यन्तै राम्रो र सरहानीय रहेको पाएको छु त्यसका लागि पनि धन्यवाद । स-साना सर्वसाधरणलाई समेत ध्यानमा राखेर यहांहरुले जुन प्रकारले व्यापार गरिरहनु भएको छ, त्यसका लागि समेत धन्यवाद ।

३.५ कम्पनीका अध्यक्ष श्री दिनेश बहादुर विष्टज्यू, संचालक समितिका सदस्यज्यूहरु, व्यावस्थापन समूह तथा सबै कर्मचारी वर्गलाई हार्दिक धन्यवाद ।

४. **श्री राम गोपाल महर्जन**

४.१ विश्वमा कोरोना भाइरस कोभिड १९ महामारी फैलिएकोले नेपाल लगायत सम्पूर्ण जगत प्रभावित छ। कोभिड १९ महामारीको प्रत्यक्ष प्रतिकूल प्रभावका कारण यस आर्थिक वर्षमा होटेल घाटामा छ। कम्पनीको संचालक समिति तथा व्यावस्थापन समूहले धेरै राम्रो व्यवस्थापन कार्य गरेको छ।

४.२ साना लगानिकर्ताहरुको कम्पनीमा शेयर लगानी गर्ने प्रमुख उदेश्य नाफा पाउने तर्फ नै केन्द्रित हुने भएकोले यसबारे आगामी वर्ष ध्यान दिनु होला।

४.३ समिक्षा आर्थिक वर्षमा रु. २२ करोडको नोक्सानी भएको छ र यो नोक्सानीको शोधभर्ना आगामी आर्थिक वर्षको व्यावसायीक कार्ययोजना के कस्तो छ सो सम्बन्धमा संक्षीप्त जानकारी आउनु पर्‍यो।

४.४ होटेलको साथै प्रति शेयर आम्दानी (EPS) ऋणात्मक छ। आगामी वर्ष पक्कै पनि यसले राम्रो गर्छ भन्ने अपेक्षा छ।

४.५ यस ४७औं वार्षिक साधारण सभाबाट संचालक समितिमा सर्वसाधरण शेयरधनीहरुको तर्फबाट ३ जना संचालक निर्वाचित हुँदै हुनुहुन्छ वंहाहरुलाइ पनि कम्पनीका सर्वसाधरण शेयरधनीहरुको कुराहरुप्रति ध्यान दिनुहुन आग्रह छ।

४.६ काठमाण्डौमा धेरै प्रतिस्पर्धि चेन होटेलहरु संस्थापित भएको अवस्था छ। पहिले पहिलेको जस्तो एकमात्र सोल्टी होटेल हो भनेर वस्न मिल्दैन। यो होटेल पनि नयाँ ढङ्ग र आयामबाट चल्न सक्ने हुनुपर्छ त्यसतर्फ ध्यान दिनुहोला। मुनाफा बढि कमाउने तिर लाग्नको लागि संचालक समिति र व्यवस्थापनलाई विनम्र अनुरोध छ। आगामी वर्ष राम्रो होस् र कम्पनीमा मुनाफा होस् भन्ने अपेक्षा गरौं।

४.७ आगामी आर्थिक वर्ष होटेलका लगानिकर्ताको हात खाली रहँदैन भन्ने अपेक्षाका साथ सोल्टी होटेलको उत्तरोत्तर प्रगतिको शुभकामना सहित धन्यवाद।

यस पछि कम्पनीको ४७औं बार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुको तर्फबाट मन्तव्य राख्ने क्रम सकिएको थियो।

**लिल बहादुर खत्री**
**कम्पनी सचिव**

**दिनेश बहादुर बिष्ट**
**कार्यकारी अध्यक्ष / सभाका सभापति**

# अनुसूची ३

(४७औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को क्रम संख्या १२ संग सम्बन्धित)

**सभामा शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको जिज्ञाशा एवं प्रश्नहरुको प्रत्युत्तर**

शेयरधनी महानुभावहरुले छलफलको क्रममा सभामा प्रकट गर्नुभएका आफ्ना मन्तव्य, जिज्ञाशा एवं सरहाना प्रति आभार व्यक्त गर्दै, वक्ता शेयरधनी महानुभावहरुले सभामा प्रकट गर्नु भएको जिज्ञाशा तथा प्रश्नहरुको कम्पनीका कार्यकारी अध्यक्ष एवं सभाका सभापति श्री दिनेश बहादुर विष्टज्यूले समग्र एवं सामुहिक रुपमा निम्नलिखित प्रत्युत्तर दिनु भएको थियो :

**शेयरधनी महानुभावहरुले उठाउनु भएका कुराहरुको कार्यकारी अध्यक्षले दिनुभएको जवाफ**

१. कम्पनीका शेयरधनीबाट यस होटेललाई अन्तर्राष्ट्रिय सम्बन्धनका लागि अन्तर्राष्ट्रिय श्रंखला मध्येका चेन होटेलबाट व्यावस्थापन हुन जरुरी छ भन्ने सन्दर्भमा उहांको सल्लाह सुझावको सम्बन्धमा संचालक समितिले यस विषयमा खुला रुपमा विचार बिमर्श गर्दै, यसलाई नजिकबाट नियाल्दै विश्लेषण र निगरानी गरिरहेको छ । कम्पनी आफैले होटेल व्यवस्थापन तथा सञ्चालन गर्दा र अन्तर्राष्ट्रिय चेन व्यावस्थापन सँग मिलेर होटेल सञ्चान गर्दा केकस्तो हुन्छ भन्ने विषयमा संचालक समितिमा विस्तृत रुपमा विवेचना तथा छलफल भईरहेका पनि छ । कम्पनीले आफ्नो होटेल स्वयंम आफैले चलाउँने वा कुनै अन्तर्राष्ट्रिय चेन होटेल ल्याउँने भन्ने विषयमा अहिलेसम्म केहि मूलभूत रुपमा निर्णय गरिसकेको अवस्था छैन । मूल प्रश्न अन्तराष्ट्रिय चेन होटेल ल्याएर मात्र के गर्ने, कोरोना भाइरस कोविड १९ महामारीको कारण पर्यटन व्यावसाय प्रतिकूलता तर्फ उन्मुख छ अहिलेको अवस्थामा व्यावसाय नगण्य छ तथा विदेशी पर्यटकहरुको आगमन भएको छैन । कोरोना भाइरस कोविड १९ महामारीको कारण पर्यटन लगायत सबै सेवा सम्बन्धी व्यावसाय धरासायी अवस्थामा रहेकाले कुनै पनि निकायले केहि पनि योगदान दिन सक्ने अवस्था छैन । यो सबै प्रतिकुल अवस्थाको कारण अन्तर्राष्ट्रिय चेनबाट होटेल संचालन गर्दा सञ्चालन लगतमात्र बढन जाने हो । त्यसैले हाललाई यो विषय कम्पनीले स्थगीत अवस्थामा राखेको छ ।

२. सोल्टी होटेल विगत ५५ वर्षसम्म अन्तर्राष्ट्रिय चेन होटेल बाट नै व्यावस्थापन हुँदै आएको इतिहास छ । शुरुमा ओबरोय होटेल्स र त्यसपछि इन्टरकन्टीनेन्टल होटेल्स ग्रुपको सहायक कम्पनी हलिडे इन्स (चाइना) लि. संग भएको होटेल व्यावस्थापन सम्झौता बमोजिम होटेल संचालनमा थियो । समिक्षा आर्थिक वर्षको २०७८ वैशाख ३१ गते अर्थात १४ मे २०२१ मा इन्टरकन्टीनेन्टल होटेल्स ग्रुपको हलिडे इन्स (चाइना) लि. संग भएको होटेल व्यावस्थापन सम्झौताको म्याद सकिएपछि सोल्टीको आफ्नै चिरपरिचित विश्वविख्यात ख्यातिप्राप्त तथा सुप्रशिद्ध ब्राण्डमा कम्पनी आफैले **"दी सोल्टी काठमाण्डौं"** को नाम र ब्राण्डमा सञ्चालन तथा व्यावस्थापन गरी रहेकोछ । यो कम्पनीको ५५ वर्ष सम्म

निरन्तर चलेको आफ्नै ख्याति र समृद्ध पुरानो उत्कृष्ट ब्राण्ड हो, जसको आफ्नै पहिचान, पहुँच र उत्कृष्टता छ, । साथै होटेलका उत्पादन र सेवाहरु उत्कृष्ट रहेको छन । त्यसैलाई विचार गर्दै हामीले आफ्नै नाम र ब्राण्डलाई महत्व दिएका छौँ । साथै, कोरोनाभाइस कोविड १९ महामारीका कारण अन्तर्राष्ट्रिय चेन होटेलको तुरुन्तै आवश्यकता पनि नपरेको हुनाले कम्पनीले अन्तर्राष्ट्रिय चेन होटेलसँग व्यावस्थापन सम्झौता गरी सम्बन्धन नलिएको हो ।

३. होटेलको भावि व्यावसायीक योजना तर्जूमा गर्ने सम्बन्धमा, कम्पनीको उच्च व्यावस्थापक टोलीबाट प्रत्येक त्रैमासिक रुपमा तयार गरी संचालक समिति समक्ष पेश गर्ने अनुमानित आम्दानी खर्च संग सम्बन्धीत बजेटको विस्तृत रुपमा विवेचना गरी पुनरावलोकन तथा विश्लेषण गर्ने गरिन्छ । आवश्यकता अनुसार संचालक समितिले कार्ययोजना तथा प्रस्तुत बजेट पुनरावलोकन गरी व्यावस्थापनलाई आवश्यक दिशानिर्देशन गर्ने गर्दछ। कोरोनाभाइ कोविड १९ माहामारी आउनु पूर्व कम्पनीले एक वर्षको व्यावसायीक योजना तर्जुमा गर्दथ्यो र सो योजनालाई प्रत्येक तीन महिनामा अद्यावधिक गर्ने गर्दथियौं । तर यस माहामारीको अनिश्चितताका कारण एक वर्षको साट्टा ३-३ माहिनाको अन्तरालमा व्यावस्थापन समूहले व्यावसायीक कार्ययोजनाका प्रक्षेपणहरु तर्जुमा गरेर संचालक समिति समक्ष पेश गर्दछ। उक्त कार्ययोजनालाई संचालक समितिले विस्तृत रुपमा छलफल तथा विवेचना गरी आवश्यक निर्देशन सहित कार्यान्वयन गर्नका लागि निर्देशन दिने गर्दछ। वर्तमान अवस्थामा कम्पनीले यसरीनै आफ्नो व्यावसायीक कारोबारलाई अगाडी बढाईरहेको छ। पर्यटन व्यावसायमा स्थिरता आउनासाथ यथोचित व्यावसायीक कार्ययोजना तथा रणनीति बनाई कार्यान्वयन गरिनेछ।

४. आकस्मिक दायित्वको सम्बन्धमा सामान्य जानकारी गर्नुपर्ने सबैकुराहरु वासलातमा खुलासा गरी सकिएकोछ शेयरधनीमहानुभावले सो हेर्न सक्नुहुन्छ। असामीको सम्बन्धमा पनि धेरै सुधार भईसकेको छ। यो विषय लेखापरिक्षण समितिमा विवेचना तथा व्यापक छलफल हुनेगर्दछ । राम्ररी निग्रानि भईरहेको हुनाले विगतको तुलनामा असामी असुलीमा धेरै सुधार भएको छ र शंकास्पद असामीमा कमी आएकोछ। यस सम्बन्धमा उचित कारण र सोको लेखामा व्यावस्था गरिन्छ।

५. मानव संसाधन व्यवस्थापन होटेलको सबै भन्दा महत्वपूर्ण अंग हो तर नेपालमा कोरोना भाइरस कोविड १९ महामारी शुरु भएपश्चात होटेलबाट लगभग २५० कर्मचारीहरु कर्मचारी प्रोत्साहन बहिरगमन योजना अन्तर्गत कम्पनीको सेवाबाट अवकाश लिएका छन् । धेरै जसो अनुभवि कर्मचारीहरु नै कर्मचारी प्रोत्साहन वहिरगमन योजना अन्तर्गत कम्पनीबाट अवकाश लिएका र कतिपय कर्मचारी उमेरको हदबाट पनि सेवानिवृत्त भएका छन्। कतिपय कर्मचारी पर्यटन र आतिथ्य क्षेत्रको अनिश्चितताका कारण, अन्यत्र राम्रो अवसरका लागि पनि अवकाश लिएका हुन । होटेलको नियमित प्रशिक्षण गर्ने र कर्मचारी विकास गर्ने आफ्नै नियमित कार्यप्रणाली भएको हुनाले कर्मचारी प्रोत्साहन वहिरगमन योजनाबाट अवकाश लिई सेवानिवृत भएतापनि होटेलको सेवाको गुणस्तर घटेको छैन । होटेल व्यावसायमा होटेलको भौतिक संरचनागत सुविधाहरु भन्दा पनि मानवीय सेवाप्रवाह अत्यन्त महत्वपूर्ण हुने गर्दछ। होटेलको सफल कार्यसम्पादनमा यसको ठलो भूमिका हुने गर्दछ र यो विषयमा होटेल अग्रस्थानमा रहेको छ।

६. अतिविशिष्ट अतिथि विश्रामगृह रिगल सुइट सन् सम्बत १९८७ मा निर्माण भएको भवन हो । निर्माण पश्चात् पनि विभिन्न समयमा स्तरोन्नतीको कार्य भईरहेको छ । तथापी अझै पनि उक्त भवनमा धेरै कुराहरु गर्न बाँकी नै छ । कोरोना भाइरस कोविड १९ महामारीको यस घडीमा व्यावसायको उक्त बजार हिस्सा अत्यन्तै कम बिक्रि हुने मध्येको

भएकोले पुर्ननिर्माणको कार्य प्रथमिकतामा नपरेको मात्र हो । व्यावसायीक संभाव्यता बढ्ना साथ उचित समयमा हामीले यसको स्तरोन्नती तथा पुर्ननिर्माणको लागि यथोचित कदम उठाउने छौं ।

७. काठमाण्डौं उपत्यका लगायतका क्षेत्रमा होटेल विस्तार गर्ने सुझाव राम्रो भएतापनि विस्तार गर्ने कुरा पर्यटक आगमनमा भरपर्दछ । उपत्यकामा होटल निर्माण गर्दा लागत मूल्यपनि बढि हुन र प्रतिश्पर्धाको कारण लगानीको प्रतिफल प्राप्त गर्न लामो समय लाग्ने भएकोले व्यावसायीक सम्भाव्यताका सवै पक्ष र विषयहरुलाई हामीले राम्ररी केलाउनु पर्ने हुन्छ । यदी कुनै सम्भाव्यता र व्यावसायीक अवसर देखिएमा हामीले अवश्य पनि लगानी विस्तार गर्नेछौं । यसलाईृ हामीले सुक्ष्म अध्ययन गरि रहेकाछौं र प्रतिफल दिने राम्रो र फलदायी अवसर देखिएमा हामी पछि पर्ने छैनौं ।

८. एक जना वक्ता शेयरधनीमहानुभावज्यूले कर्मचारीहरुले केही पाए तर शेयरधनीहरुले पाएनन् भन्ने गुनासो गर्नुभएको सन्दर्भमा स्पष्ट पारौं कि कोरोनाभाइरस कोविड १९ महामारीको प्रतिकूल प्रभावका कारण यस कम्पनीका कर्मचारीहरुले काम गर्न आएको दिनको मात्र तलब पाएका छन । कम्पनीका कर्मचारीहरुले आपसमा सहमति भए अनुसार काममा नबोलाईएको दिन वा काम नगरेको दिनको तलब सुबिधाहरु केहि पनि पाउदैनन् । कम्पनीका कर्मचारीहरुको सबै सेवा, सुविधाहरु लगभग दुई वर्ष देखी निलम्बीत रहेका छन् । कर्मचारीहरुले धेरै योगदान दिनुभएको छ, जो प्रशंसनीय छ । अहिले पनि कतिपय कर्मचारीहरु घरमै हुनुहुन्छ जसलाई हामीले काममा बोलाएका छैनौं, उँहाहरुले मसिक रु. ५०००/- मात्र लिईरहनु भएको छ । हाम्रो होटेलको निरन्तरताको लागि सबैले केहि न केहि योगदान गरिरहनु भएको छ र समिक्षा आर्थिक वर्षको वित्तीय विवरण र नतिजाहरु सबै पक्षको सक्रिय योगदान पछि मात्र प्राप्त भएको हो । वास्तवमा, त्यस्तो योगदान नभईदिएको भए हाम्रो आर्थिक अवस्था ज्यादैनै गम्भिर हुनेथयो ।

९. त्यसैगरी कोरोनाभाइरस कोविड १९ महामारीको प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्नका लागि कम्पनीका शेयरधनी माहानुभावहरुले पनि लाभांश वा कुनै पनि प्रतिफल प्राप्त नगरेर कम्पनी घाटामा गएको बेला संचित कोषलाई सुदृढ गर्नुभई धेरै सहयोग पुर्याउनु भएको छ ।

१०. कम्पनीसँग संचित कोष भएतापनि अप्रत्याशित र अनिश्चित भविष्यको यस घडीमा हामीले केहि पनि अनुमान लगाउन सकि रहेका छैनौं । वर्तमान अवस्थामा केही सकारात्मक संकेत परिलक्ष्यित भएका छन् र हामी एकदमै आशावादी छौं । विद्यमान अनिश्चितताको कारण भविष्यमा हामीलाई आर्थिक स्रोतहरु चाहिन सक्ने हुनाले बढी परंपरावादी भएका हौं । सोल्टी होटेलको ईतिहास हर्नुभयो भने भुँईचालोको समयमा कम्पनी घाटामा भएतापनि हामीले पुरानो संचित कोष बाट शेयरधनीमहानुभावहरुलाई लाभांश वितरणका गरेका थियौं । किनभने त्यस समयमा केही समयपछि व्यावसायमा सुधार आउने निश्चित थियो र सोही प्रक्षेपण अनुसार हामी केही समय पछि फेरी पुरानो लयमा फर्केका पनि थयौं । तर अहिलेको अवस्थामा त्यस्तो आकलन गर्नसक्ने अवस्था देखिएको छैन । कहिले सम्म कोरोनाभाइरस कोविड १९ महामारीको प्रतिकूल प्रभाव कायम रहने हो भन्ने निश्चित छैन । यही अनिश्चितता भएको कारण हामी यसमा बढि परम्परावादी सोचबाट अभिप्रेरित भई आर्थिक स्रोतहरुको संरक्षण तथा जोहो गर्न खोजेका हौं ।

११. एक जान शेयरधनीले नेपाली सर्वसाधरणहरुलाई लक्षित गरी व्यावसाय गर्नुपर्छ भन्ने सन्दर्भमा हामीले यसपाली अनुभव गरे अनुसार मंसिर महिनामा विवाह लगायतका अन्य धेरै समारोहहरु हाम्रो होटेलमा आयोजन गर्नका लागि उत्प्रेरित

गरेका थियौं जसमध्ये लगभग ३०% समारोहहरु नेपालीहरुबाट आयोजन गरिएको थियो । त्यसैले बजार व्यावस्थापन गर्दा नेपाली पाहुनाहरुलाई समेत लक्षित ग्रुपमा राख्ने परिपाटी शुरु गरिसकेका छौं ।

१२. सामान्यतया नेपाली जनमानसमा सोल्टी होटेल धेरै महङगो हुने र खर्च वहन गर्न नसक्ने परिकल्पना गरिन्थ्यो, तर वास्तविकता भने त्यस्तो हैन रहेछ भन्ने स्पष्ट अवधारण हामीले सर्वसाधारण जनमानस माभ्र पुऱ्याउन सफल भएका छौं र निश्चितरुपमा बजारको दायर बढेकोछ । यसका साथै, नयाँ आतिथ्य बजारको रुपमा नेपाल बाहिर बस्नु भएका गैरआवासीय नेपालीहरुको तर्फ पनि ध्यान केन्दृत भएको छ ।

१३. भावि कार्ययोजनाहरुको सम्बन्धमा हाल हामीले मुख्य प्रवेशद्वार (लबि) तथा अतिविशिष्ट सुइटको स्तरोन्नती तथा पुर्ननिर्माण गर्न शुरु गरिसकेका छौं र यो योजना मे २०२२ को दोश्रो हफ्ता सम्ममा पुरा हुने आकलन गरिएको छ ।

१४. हामीले निरन्तर रुपमा भौतिक संरचनागत सुविधाहरुको स्तरोन्नती गरिरहेका छौं । आतिथ्य बजार नित्यप्रतिदिन अत्यधिक प्रतिश्पर्धी भईरहेको छ । त्यसैले पनि हामी होटेलका भौतिक संरचनागत सुविधाहरुलाई अत्याधुनिक बनाउने तर्फ लागि परेका छौं । हामी अभ्र वढि प्रतिश्पर्धि हुनका निम्ति पनि स्तरोन्नती गर्ने कार्यमा आक्रामक रुपमा लागेका छौं ।

अन्त्यमा कार्यकारी अध्यक्षज्यूले सभामा सहभागी सबै शेयरधनीमहानुभावहरुमा हार्दिक शुभकामना तथा धन्यवाद दिनुहुँदै आफ्नो प्रत्युत्तरको क्रम समाप्त गर्नुभयो ।

सभापतिज्यूले शेयरधनी महानुभावहरुको जिज्ञाशा र प्रश्नहरुको प्रत्युत्तर दिनुभए पश्चात् सभा समक्ष बांकी छलफलको निर्धारित विषय सूचीका प्रस्तावहरु प्रस्तुत गर्नुभएको थियो ।

लिल बहादुर खत्री
कम्पनी सचिव

दिनेश बहादुर बिष्ट
कार्यकारी अध्यक्ष / सभाका सभापति

# अनुसूची ४

(४७औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को क्रम संख्या १३(क)४ संग सम्वन्धित)

**लेखापरीक्षण समितिको तर्फबाट समितिका अध्यक्षबाट लेखापरीक्षक नियुक्ति सम्बन्धी सिफारिशको प्रस्तुती**

४७औं साधारण सभाका सभापतिको अनुमतीले कम्पनीका लेखापरीक्षण समितिको तर्फबाट सो समितिका अध्यक्ष, **श्री रवि भक्त श्रेष्ठज्यू**ले सभा समक्ष कम्पनीको बैधानिक तथा कर लेखापरीक्षक नियुक्त गर्ने सम्बन्धी प्रस्तावको विषयमा निम्नलिखित लेखासमितिको सिफारिश प्रस्तुत गर्नु भएको थियो :–

**कार्यकारी अध्यक्ष तथा सभाका सभापति महोदय,**
**सहकर्मी संचालक समितिका सदस्यज्यूहरु,**
**आदरणीय शेयरधनी महानुभावज्यूहरु,**
**कम्पनी रजिष्ट्रारको कार्यालयका उप रजिष्ट्रारज्यू,**
**व्यवस्थापन समुहका पदाधिकारीज्यू हरु,**
**कानूनी सल्लाहकार, र लेखापरीक्षकज्यूहरु,**
**तथा Webinar Virtual Zoom माध्यमबाट र भौतिक रुपमा उपस्थित महिला एवं सज्जनबृन्द,**

आदरणीय शेयरधनी महानुभावहरु, यहांहरुलाई कम्पनीको यस ४७औं वार्षिक साधारण सभामा म, लेखापरिक्षण समिती तथा कम्पनीको तर्फबाट यस स्वर्णनिम बिहानीमा हार्दिक स्वागत तथा अभिवादन सहित अभिनन्दन गर्दछु ।

चालू आर्थिक वर्ष २०७८/७९ को लागि कम्पनीको लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक विषयको सम्बन्धमा मिति २०७८ आश्विन ४ गते तदनुसार २० सेप्टेम्बर २०२१ सोमवारका दिन कम्पनीको लेखापरीक्षण समितिको ७५औं बैठकमा विस्तृत छलफल भई कम्पनीको मिति २०७८ मंसिर ९ गते तदनुसार २५ नोभेम्बर २०२१ बिहिबारका दिन बसेको संचालक समितिको २३६औं बैठकमा लेखा लेखापरीक्षण सिमतिले संचालक समिति समक्ष प्रतिवेदन समेत प्रस्तुत गरेको जानकारी गराउंदछु ।

कम्पनीका वर्तमान वैधानिक लेखापरीक्षक श्री **बि. के अग्रवाल एण्ड कं., चार्टर्ड एकाउण्टेण्टस्** काठमाण्डौंको कार्यकाल ४७औं वार्षिक साधारण सभा सम्पन्न भए पश्चात् समाप्त हुँदैछ । शेयरधनी महानुभावहरु समक्ष निवर्तमान लेखापरीक्षक श्री बि. के अग्रवाल एण्ड कं., चार्टर्ड एकाउन्टेन्टस्को कार्यकाल एक वर्ष मात्र पुगेकोले कम्पनी ऐन, २०६३ को दफा १११ को उपदफा ३ को प्रावधान बमोजिम वहांहरुको पुर्ननियुक्ति हुन सक्ने कानुनी व्यवस्था रहेको र कम्पनी ऐन, २०६३ को दफा ११२ बमोजिम कम्पनीको लेखापरीक्षकमा नियुक्त हुन अयोग्य नभएको कुरा कम्पनीलाई लिखित रुपमा जानकारी गराउनु भएको समेत सभा समक्ष जानकारी गराउंदछु ।

लेखापरीक्षण समितिमा कम्पनीको लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गरि त्यसको अनुमोदन तथा स्वीकृतिका लागि ४७औं वार्षिक साधारण सभासमक्ष पेश गर्ने विषयमा विस्तृत छलफल भएको थियो ।

आर्थिक वर्ष २०७८/७९ को लागि कम्पनीको वैधानिक लेखापरीक्षक नियुक्त गर्ने सम्बन्धमा विस्तृत छलफल पश्चात् साविक वैधानिक लेखापरीक्षक श्री **बि. के. अग्रवाल एण्ड कं., चार्टर्ड एकाउन्टेन्टस्**को कार्यसम्पादन सन्तोषजनक रहेको मुल्यांकन तथा निष्कर्ष सहित र सोहि चार्टर्ड एकाउन्टेन्टस् संस्थालाई नै चालु आर्थिक वर्ष

२०७८/७९ को लागि पनि कम्पनीको वैधानिक लेखापरीक्षकमा पुनःनियुक्त गर्न शिफारिश गर्ने लेखापरीक्षण समितिबाट सर्वसम्मत निर्णय भई कम्पनीको यस ४७औं वार्षिक साधारण सभा समक्ष अनुमोदन एवं प्रस्ताव पारित गर्नका लागि पेश गर्ने निर्णय भए बमोजिम श्री **बि. के. अग्रवाल एण्ड कं., चार्टर्ड एकाउन्टेन्टस्‌लाई** वैधानिक लेखापरीक्षक र कर लेखापरीक्षक नियुक्त गर्ने प्रस्तावलाई यस सभाबाट पारित गर्नका लागि हार्दिक अनुरोध गर्दछु।

साथै, लेखापरीक्षकको पारिश्रमिकको सम्वन्धमा उक्त बैठकले श्री **बि. के. अग्रवाल एण्ड कं.,** चार्टर्ड एकाउन्टेन्टस्‌को पारिश्रमिकको सम्बन्धमा लेखापरीक्षण समितिमा विस्तृत छलफल पश्चात गत आर्थिक वर्षको सरह नै गर्ने र सोमा कुनै पनि वृद्धि नगरी चालू आर्थिक वर्ष २०७८/७९ को लागि कम्पनीको **वैधानिक लेखापरीक्षण** को लागि **मुल्य अभिबृद्धि कर बाहेक रु. ४,५०,००० (रुपैयां चार लाख पचास हजार मात्र)** र कम्पनीको चालू आर्थिक वर्ष **२०७८/७९ को कर लेखापरीक्षण** गर्नको लागि **मुल्य अभिबृद्धि कर बाहेक रु. १,००,००० (रुपैयां एक लाख मात्र)** पारिश्रमिक (कर लेखापरीक्षण शुल्क) निर्धारण गर्ने सर्वसम्मत निर्णय गरी सो प्रस्तावलाई यस सभाबाट स्वीकृत गरी पारित गर्नका लागि समितिले यस ४७औं वार्षिक साधारण सभा समक्ष सिफारिश गरेको अनुरोध छ।

अतः समग्रमा लेखापरीक्षण समितिको सर्वसम्मत सिफारिश अनुसार श्री **बि. के. अग्रवाल एण्ड कं.,** चार्टर्ड एकाउन्टेन्टस, काठमाण्डौंलाई **वैधानिक लेखापरीक्षण** को लागि **मुल्य अभिबृद्धि कर बाहेक रु. ४,५०,०००** र **कर लेखापरीक्षण** गर्नको लागि **मुल्य अभिबृद्धि कर बाहेक रु. १,००,००० पारिश्रमिक** (कर लेखापरीक्षण शुल्क) पाउने गरी कम्पनीको वैधानिक तथा कर लेखापरीक्षक नियुक्तिको प्रस्ताव पारित गर्नका लागि यस ४७औं बार्षिक साधारण सभा समक्ष हार्दिक अनुरोध गर्दछु।

तत्पश्चात सभाका सभापतिले उपरोक्त बमोजिम कम्पनीको ४७औं वार्षिक साधारण सभा समक्ष पेश भएको कम्पनीको वैधानिक लेखापरीक्षकको नियुक्ती तथा पारिश्रमिक (लेखापरीक्षण शुल्क) निर्धारण गर्ने सामान्य प्रस्तावलाई सो सभाबाट पारित गरियोस भनी राख्नु भएको प्रस्तावलाई सभाले सर्वसम्मतिबाट पारित गऱ्यो।

लिल बहादुर खत्री
कम्पनी सचिव

दिनेश बहादुर बिष्ट
कार्यकारी अध्यक्ष / सभाका सभापति



Soaltee Hotel Limited

पोष्ट बक्स नं. ३८००, ताहाचल,
काठमाण्डौं, नेपाल ।
फोन नं. ९७७ १ ४२७३९९९
फ्याक्स नं. ९७७ १ ४२७२२०१ / ४२७२२०६
ईमेल : shl@soaltee.com.np